**डेङ्गीका लक्षणहरू**
- उच्च ज्वरो आउनु,
- जोर्नी र मांसपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्यधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरू आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु,

यस्ता लक्षणहरू देखापरेमा डेङ्गी हुनसक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा-फटयाङ्ग्रा हुर्कँदैनन्।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ ०६ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 August 22 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०५

## वर्षाले पर्साको ग्रामीण क्षेत्र प्रभावित

प्रस, पचगावाँ, ५ भदौ/

मङ्गलवार रातिदेखि परेको वर्षाले पर्सा जिल्लाको विभिन्न स्थानमा बाढी आएर सडक अवरुद्ध भई आवतजावत ठप्प भएको छ।


तस्वीरः धर्मेन्द्र चौरसिया

जनता सडक अन्तर्गत बारा जिल्लाको जीतपुरदेखि पर्सा जिल्लाको पटेर्वासुगौली गाउँपालिका-२ रङ्गपुरटाँडीस्थित जमुनिया खोलामा बाढीको कारण आवतजावत ठप्प भएको छ। पुल निर्माण नभएको कारण खोलामा आएको बाढीले यो क्षेत्रबाट आवतजावत रातिदेखि बन्द छ।

यसैगरी, सखुवापरसौनीको सिरही खोला भएर हुने आवागमन पनि बन्द छ। थरूहट सडक अन्तर्गत पर्सागढी नगरपालिका-९ तिलावेपुल निर्माण नहुँदा बाढीले यो क्षेत्रबाट पनि आवतजावत ठप्प भएको छ। तिलावे पुलमा पप्पु कन्स्ट्रक्शनले पुल निर्माणको ठेक्का लिएको तर अहिलेसम्म पुल निर्माण नभएको कारण हिजो राति आएको वर्षाले खोलामा बाढी आएर आवागमन अवरुद्ध भएको स्थानीयले बताएका छन्।

पटेर्वासुगौली गापा-४ भलुवाही खोलामा आएको बाढीले सो क्षेत्रमा अहिले आवतजावत ठप्प छ। यसैगरी जीराभवानी गापा-१ महादेवपट्टिस्थित ओरिया खोलामा पनि बाढीले आवतजावत ठप्प भएको छ। पुल नभएको कारण यो क्षेत्रमा पानीको बहाव बढेर बन्द भएको हो।



प्रस, पोखरिया/

पोखरिया-मिर्जापुर सडकखण्ड अन्तर्गत पोखरिया नगरपालिका-३ वसन्तपुर र लङ्डीबीचको कलभर्ट नजीकको भासिएको बाटो मरम्मत भएको छ। तीन दिनदेखि सो सडकखण्डको बाटो भासिएर आवतजावत ठप्प भएको थियो।

वसन्तपुरको कलभर्ट नजीकको बाटो मरम्मत भएर सञ्चालन भए तापनि वसन्तपुरमैं रहेको कच्ची सडकमा राखिएको राबिस (ईँटाको धूलो) हिजो राति आएको पानीले हिलाम्य हुँदा सवारी साधनको आवतजावतमा समस्या भएको छ।

यसैगरी, धोबिनीदेखि बर्वासम्मको कच्ची बाटोमा रातिदेखि परेको पानीले ठाउँ-ठाउँमा सडक खाल्डो भएको र दुई चक्के र चारचक्के सवारी साधनको आवतजावतमा निकै समस्या भएको स्थानीयले बताएका छन्।

## यस्तो छ गाँजा र चरेसको कथा

प्रस, पचगावाँ, ५ भदौ/

जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले साउन ३१ गते राति पटेर्वासुगौली गापा-४ अकवाबाट एकजना मानिससहित ठूलो परिमाणमा चरेस/गाँजा बरामद गरेको घटनामा प्रहरीले तस्करलाई जोगाउन खोजेको देखिन्छ।

घटनाको भोलिपल्ट जिप्रका, पर्साले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको यो घटनामा प्रहरीले तस्करलाई जोगाउन खोजेको देखिएको छ। घटना विवरण अनुसार साउन ३१ गते राति प्रहरीले वडा नं ४ मा रहेको बिसमोहन चौधरीको घरमा छापामारी गरेको थियो। चौधरीको गोठबाट १९२ किलो चरेस, २६७ किलो गाँजाको धूलो र ३० किलो गाँजा बरामद गरेको थियो। छापामारीकै क्रममा चौधरीको घरबाट ४० वर्षीय फुलशरीफ मियाँलाई पक्राउ गरेको थियो।

पत्रकार सम्मेलनमा मियाँबाट ३० किलो गाँजा बरामद भएको र बाँकी चरेस तथा गाँजाको धूलो नजीकको बाँसबारीमा खाल्डो खनी लुकाइछिपाइ गरेको अवस्थामा फेला परेको पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक भारतीले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

जबकि सो परिमाणको गाँजा/चरेस चौधरीको घरगोठबाट बरामद भएको थियो। चौधरी अहिले फरार छन्। पटेर्वासुगौलीमा बिसमोहन चौधरी र पक्राउ परेका फुलशरीफ मियाँ घनिष्ट मित्र भएको सबैलाई थाहा छ। उनीहरू


तस्वीरः फाइल

दुवैजना गाँजा/चरेस तस्करीमा चर्चित हुन्। पर्सा जिल्लाको गाँजा, चरेस तस्करीमा उनीहरूको ठूलो लगानी छ।

धादिङ, मकवानपुरबाट पर्सा राष्ट्रिय निकुञ्जको जङ्गल क्षेत्र तथा लोथर, मनहरीबाट सडक मार्गद्वारा जीतपुर ल्याउने र त्यहाँबाट पटेर्वासुगौलीमा भण्डारण गर्ने अनि भारत पठाउने कार्यमा चौधरी र मियाँको निकै सक्रियता छ।

उनीहरूले यो क्षेत्रमा लागू पदार्थको कारोबार गरिरहँदा सम्बन्धित निकायलाई आर्थिक प्रभावमा पार्ने गरेको पाइन्छ। यो घटनामा प्रहरीले मियाँबाट ३० किलो गाँजा बरामद भएको देखाउनु मिलेमतोको उदाहरण भएको जानकार बताउँछन्।

चरेसमा आठ वर्ष कैद र पाँच लाख बढीको जरिवानाको व्यवस्था छ। तर ३० किलो गाँजामा भने छ महीना कैद र दुई महीना कारागारको व्यवस्था छ। यही भएर मियाँलाई थोरै कैद जरिवाना गराउने उद्देश्यले निजबाट ३० किलो गाँजा बरामद भएको देखाएर बाँकी ठूलो परिमाणको चरेस र धूलो खाल्डोबाट बरामद भएको जनाइएको हो।

स्थानीय बासिन्दाले चौधरीको घरगोठमा राखिएको गाँजा चरेस बरामद भएको र बगैंचाको खाल्डोबाट कुनै पनि किसिमको वस्तु प्रहरीले बरामद नगरेको बताएका छन्। अहिले यो घटनामा प्रहरीले मियाँको बयानको आधारमा चार/पाँचजनालाई सोधपुछको लागि पक्राउ गरेको छ तर सोसम्बन्धी सूचना भने सार्वजनिक गरेको छैन। घरधनी चौधरी फरार छन् र उनले बाहिरबाट यो घटना साम्य पार्न चलखेल गरिरहेको स्रोतले जनाएको छ।

## ब्रिटानियाद्वारा स्वास्थ्य चौकीलाई भिडियो एक्सरे मेशिन सहयोग

प्रस, परवानीपुर, ५ भदौ/

वीरगंज महानगर-२१ लिपनी बिर्तास्थित स्वास्थ्यचौकी परवानीपुरलाई बहुराष्ट्रिय बिस्कुट कम्पनी ब्रिटानिया नेपाल प्रालि परवानीपुरले एक थान भिडियो एक्सरे मेशीन सहयोग प्रदान गरेको छ।


तस्वीरः प्रतीक

सामाजिक उत्तरदायित्व शीर्षक अन्तर्गत करीब १० लाख पर्ने उक्त मेशीन आज एक समारोहबीच स्वास्थ्य चौकीका इन्चार्जलाई हस्तान्तरण गरिएको थियो। वडाध्यक्ष राधाकृष्ण साह रौनियारको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रमुख अतिथि एवं ब्रिटानिया नेपाल प्रालिका महाप्रबन्धक सन्दीप बंसल, कारखानाका मानव संसाधन प्रबन्धक विनोद साह, वडासदस्य इन्द्रदेव महतो, दलित महिला सदस्य पतिया देवी, स्थानीय जवाहिर कुशवाहा, भोजमहतो कोइरी, हरिहरसाह तेली, कैलाश कुशवाहा, हृदयनारायण कुशवाहा, राजन पटेल, कृष्ण कुशवाहालगायतको सहभागिता थियो।

यस अघि, सो उद्योगले करीब पाँच लाखको खर्चमा २१ नं. वडाकै परवानीपुर स्थित नेराआवि परवानीपुरमा पक्की शौचालय र दुईवटा बाल विकासको कोठा आवश्यक शैक्षिक सामग्रीसहित मरम्मत सम्भार गरेको थियो। त्यसैगरी, अघिल्लो आव २०८०/८१ मा सोही विद्यालयको दुई सय विद्यार्थीको पोशाक र स्वास्थ्य चौकीको लागि अढाई लाख पर्ने इन्भर्टर पनि सहयोग गरेको थियो।

स्वास्थ्य चौकीमा चौबीस घण्टे बर्थिङ सेन्टरको सुविधासहित एम्बुलेन्स र भिडियो एक्सरे मेशिनलगायतले परवानीपुर आसपासका बिरामीहरूको लागि सहज हुने विश्वास गरेको छ।

स्वास्थ्य चौकीलाई एम्बुलेन्स हिमालयन डिस्टिलरी लिमिटेडले गत वर्ष सहयोग गरेको थियो भने एक हप्ताभित्रै स्वास्थ्य चौकीमा प्रयोगशालासमेत सञ्चालनमा ल्याउने तयारी रहेको वडाध्यक्ष रौनियारले बताए।

## गण्डक-परवानीपुर सडकखण्डको बिरुवा मर्दै

प्रस, वीरगंज, ५ भदौ/

त्रिभुवन राजमार्ग अन्तर्गतको बाराको परवानीपुर गाउँपालिकाको क्षेत्र पर्ने परवानीपुर हबीब मार्केटदेखि गण्डक चोकसम्मको चार किलोमिटर लम्बाइको डिभाइडरमा लगाइएका बिरुवा मर्न थालेका छन्।


तस्वीरः प्रतीक

उचित स्याहारसुसार नहुँदा गाईवस्तु र बालबालिकाले बिरुवा भाँच्दा बिरुवाहरू सुक्न थालेका छन्। सो क्षेत्रमा धेरै शुभेच्छुकहरूको सक्रियतामा वृक्षारोपण गरिएको थियो। लायन्स क्लब अफ वीरगंज, चाचान समूह, चावोसति समूह, परवानीपुर गाउँपालिकालगायतको सक्रियतामा विभिन्न प्रजातिको अशोक, वर, पीपल तथा फूलहरूको बिरुवा रोपिएको थियो तर बिरुवा संरक्षण गर्ने छेकबार नलगाउँदा क्षति पुगिरहेको बुझिएको छ।

यस विषयमा गापा अध्यक्ष रामक्षत्रीप्रसाद कुर्मीले विभिन्न सरोकारवाला निकायले वृक्षारोपण गरेको र संरक्षण गर्ने पालिकाको दायित्वभित्र पर्ने भएकोले सकेसम्म संरक्षण गरेको बताए।

सबै बिरुवा मरेका छैनन् केही मरेका छन्। बिरुवा हेर्ने हेरालुसमेत राखिएको र चाँडै छेकबार तथा मरेको बिरुवाको ठाउँमा अर्को बिरुवा लगाउने उनले प्रतिबद्धता जनाए। केही बिरुवा सुके पनि पुरानो पात झरेर नयाँ पात पलाउन थालेको उनले बताए।

गापा अध्यक्ष कुर्मीले परवानीपुर भएर आवतजावत गर्ने यात्रीहरूको लागि हराभरा परवानीपुर बनाउने बृहत वृक्षारोपण अभियान अन्तर्गत गत वर्ष र यस वर्षको प्रतिफलको कारण परवानीपुरको डिभाइडरमा बिरुवा देखिएको छ।

## मियाँको मृत्युमा प्रहरीको कमजोर अनुसन्धान

प्रस, वीरगंज, ५ भदौ/

वीरगंज महानगरपालिकाका सूचना प्रविधि शाखामा कार्यरत फैजल मियाँको मृत्यु सम्बन्धमा थप केही कुरा बाहिर आएको छ।

फैजल मियाँको दुर्घटनामा मङ्गलवार बिहान उपचारको क्रममा मृत्यु भएको थियो। साउन ३१ गते राति ११:३३ बजे वीरगंज महानगर-१६ माइधिया पोखरी नजीकै तीव्र गतिमा रहेको कार एक्कासि रोकिंदा पछाडिबाट आइरहेको मियाँ सवार मोटरसाइकल ठोकिएको थियो। मियाँसहित सो मोटरसाइकलमा तीनजना थिए। तर प्रहरीले दुईजनालाई मात्र सार्वजनिक गरेको छ। मोटरसाइकल चालक सशस्त्र प्रहरीका जवान भएको र उनी घटनामा सामान्य घाइते भएको र उनैले मियाँ र अर्का जयमङ्गलप्रसाद गुप्तालाई उद्धार गरेका थिए।

प्रहरीले यो घटनामा तेस्रो व्यक्तिलाई लुकाउनुको कारण बुझ्न नसक्नु छ। सिसिटिभी फुटेजमा स्पष्टतः दुर्गटनाग्रस्त मोटरसाइकलमा तीनजना देखिएका छन्।

यसैगरी यो घटनामा भारतीय नम्बरको कारबाट एकजना युवतीले गाडी चलाउन सिकिरहेको कुरा बाहिरिएको छ। सो कारमा पनि बाँकी दुईजनाबारे खुलिसकेको छैन। प्रहरीले घटनास्थलबाट सोही दिन एकजना युवती र अर्का एकजना युवकलाई पक्राउ गरेको थियो।

उपचारको क्रममा मियाँको अवस्थामा सुधार भएको बुझेर प्रहरीले

(बाँकी अन्तिम पातामा)

## ठगी मुद्दामा एलएस न्युरो हस्पिटलका डा. अंसारी पक्राउ

प्रस, वीरगंज, ५ भदौ/

वीरगंज महानगर-१४ गण्डक बहुअरी निवासी वीरगंज एलएस न्युरो अस्पतालमा कार्यरत डा अमिर हुसेन अन्सारीलाई पर्सा प्रहरीले पक्राउ गरेको छ। डा अंसारीलाई अस्पताल परिसरबाट बुधवार बिहान पक्राउ गरिएको हो।

उनीमाथि आठ वर्ष अघि ठगी मुद्दा दर्ता भएको वीरगंज महानगर-१ छपकैया निवासी वडाध्यक्ष मनोज कुर्मीले बताए।

पक्राउ परेका डा. अन्सारीका पिता जाकीर अन्सारीले वडाध्यक्ष कुर्मीसँग पौने तीन करोड जग्गाबापत लिएका थिए। तर कोरोनाकालमा जाकीरको मृत्यु भएपछि वडाध्यक्ष कुर्मीले सो रकम प्राप्तिका लागि डा. अन्सारी र निजकी आमा नाजमी परवीनविरुद्ध उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा रिट दिएका थिए। सोही लेनदेन मुद्दामा उच्च अदालतले पक्राउ पुर्जी जारी गरेको र प्रहरीले डा. अन्सारीलाई आज पक्राउ गरेको हो।

डा. अन्सारीका पिता जाकीर अन्सारीले जीतपुर केराढोका भन्ने ठाउँमा रहेको आफ्नो नामको जग्गा वडाध्यक्ष कुर्मीलाई बिक्री गर्ने भनेर करीब आठ वर्ष अघि पौने तीन करोड बुझेका थिए।

रकम लिएका अन्सारीले जग्गा पास नगरेको र रकम आजभोलि फिर्ता गर्छु भनेर आलटाल गर्दै आएका थिए। यसैबीच उनले सो जग्गा स्थानीय मुनीर भन्नेलाई बिक्री गरेको थाहा भएपछि

(बाँकी पाँचौं पातामा)

विचारसार एवं सूक्तिहरू

**जिन्दगीमा समाप्त हुने केही हुँदैन । सधैं नयाँ बिहानीले स्वागत गरिरहन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# गफ होइन, काम चाहियो

**मुलुकका प्रधानमन्त्री केपीशर्मा ओलीले अति महत्त्वपूर्ण कुरा उठाएका छन् । कृषिप्रधान मुलुकमा कृषिको कुरा उठाउनु यसै पनि महत्त्वपूर्ण हो । कृषिका मुद्दाले मुलुकका बहुसङ्ख्यकलाई छुन्छ । प्रधानमन्त्री ओलीले भनेका छन्– "सन १९६८ मा भारतले हरित क्रन्तिलाई धेरै अगाडि बढायो । त्यसकारण अहिले डेढ अर्ब जनसङ्ख्यालाई खुवाएर पनि बाहिर पठाउँछ, हामीलाई बेच्छ । हाम्रो जनसङ्ख्या तीन करोड मात्रै छ तर हामीले उत्पादन गरेको वस्तुले खान पुग्दैन ।" कुरो वास्तविक र गहकिलो छ । त्यसमा पनि मुलुकका कार्यकारी प्रमुखलाई यस कुराको बोध भएर अभिव्यक्त गरेपछि झन् गहकिलो हुने नै भयो । उनले मुलुकको वर्तमान कृषि प्रणाली, उत्पादन नहुनुको कारण, उत्पादित तरकारी तथा कृषि फसल पनि समयमा बिक्री नभई खेर जानुको कारण र त्यसको समाधानका उपायहरूसमेत सुझाएका छन् । यसले मुलुकवासीको ध्यानाकर्षण नगर्ने कुरै छैन ।**

**राजनीतिक चतुऱ्याइँ नबुझ्ने, सोझासिधा नागरिकले ठान्लान् "कति विज्ञ प्रधानमन्त्री, हाम्रो दुःख र समस्याको बोध थिनलाई रहेछ, कति राम्रो कुरा गऱ्यो" आदि इत्यादि । तर केही बुझेका सचेत नागरिकलाई भने प्रधानमन्त्रीको अभिव्यक्तिले झन् दुविधा, अन्योल र चिन्ता थपेको छ । प्रधानमन्त्रीले गफ सुनाएको कसलाई हो ? सबै थाहा हुँदाहुँदै कृषिमैत्री नीति कसले रोक्यो ? सरकार कहाँ छ, को हो ? मुलुकको सर्वोच्च शक्ति हातमा लिएका, कार्यकारी अधिकार सम्पन्न व्यक्तिले किसानको यो समस्या थाहा हुँदाहुँदै पनि समाधान तर्फ जान सकिँदैन भने कसले चाहिं सक्छ ? हो, प्रधानमन्त्रीले कृषक तथा कृषिमैत्री योजना, नीति तथा कार्यक्रम एवं बजेट बनाउँदा कतैबाट अवरोध आयो वा प्रश्न उठ्यो भने त्यहाँ जवाफ दिनु फरक कुरा हो । यहाँ त कामभन्दा गफै बढी, काम गरेर लोकप्रियता हासिल गरी मतदातालाई आफूतर्फ आकर्षित गर्नुभन्दा अलमल्याउने कुरा गरेर, भ्रममा पारेर पिछलग्गु बनाउने प्रवृत्ति हावी छ । जुन मुलुकमा कृषियोग्य जमीन र कृषि कर्म गर्ने जनशक्ति छैन, त्यो मुलुकमा कृषि उत्पादन कठिन तथा महँगो पर्छ । त्यहाँ सीमित क्षेत्रमा उच्चतम प्रविधिको प्रयोग गरी अधिकतम उब्जाउ लिनुपर्ने बाध्यता हुन्छ । जनशक्ति नभएका मुलुकले अन्य मुलुकबाट महँगोमा जनशक्ति खरीद गरिरहेका हुन्छन् ।**

**हामीसँग पर्याप्त जमीन र प्रशस्त जनशक्ति छ । तर देशमा काम नपाएर युवाहरू कौडीको मूल्यमा विदेशमा पसिना बगाइरहेका छन् । नेपालमा कुल भूमिको कम्तिमा २० प्रतिशत (२८ लाख हेक्टर) जमीन कृषियोग्य छ । करीब तीन करोड जनसङ्ख्याका लागि कृषियोग्य जमीनको अनुपात प्रशस्त हो । कृषियोग्य जमीनको अधिकांश भाग मधेस, भित्री मधेस र केही पहाडका टाँडी खेत तथा बेंसीहरू पर्छन् । यसर्थ भरपर्दो सिंचाइ व्यवस्था हुने हो भने कृषियोग्य भूमिको कम्तीमा ८५ प्रतिशत क्षेत्रमा वार्षिक तीन बाली फलाउन सकिन्छ । दुई बाली धान, एक बाली मकै, गहुँ, तोरी वा अन्य बाली फल्छ । कतिपय स्थानमा दुई बाली तरकारी लगाउन सकिन्छ । एक बाली अन्न, तरकारीले मुलुकलाई धान्छ । कृषिप्रधान यो मुलुक आज धान–चामल, दाल, हरियो तरकारी, फलफूलमा समेत परनिर्भर बनेको छ । आत्मनिर्भरताका लागि सिंचाइ, कृषि उपकरण, उन्नत मल, बीउ, कृषि भण्डार र बजार व्यवस्था जरुरी छ । यसर्थ मुलुकलाई अब गफ होइन, परिणाममुखी काम दिन सक्नुपरेको छ ।**

# विद्युत्मा सम्पन्नतासँगै प्रिपेड मिटरको आवश्यकता

स्वतन्त्र विचार



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**प्राधिकरणका कर्मचारीले घरघर पुगेर बिल काट्ने परिपाटीमा एकरूपता छैन । कतिपय अवस्थामा उपभोक्ताले समयमैं तिर्न चाहेर पनि सकिरहेको छैन र जरिवाना तिर्नुपरिरहेको छ । जरिवाना त त्यसले तिर्नुपर्ने हो, जसले गल्ती गर्छ । सिद्धान्तले यही भन्दछ ।**

नेपाल विद्युत् उत्पादन, वितरण तथा निर्यातमा एक पाइलो अझ सम्पन्न भएको छ । एक दशक पहिलेसम्म नेपालको विद्युत् उत्पादनमा जुन अवस्था रहेको थियो, त्यसबाट अब नेपाल निकै माथि आइसकेको छ । देशमा गणतन्त्र आइसकेपछि सबैभन्दा सुखद विकास सम्भवतः विद्युत् क्षेत्रमा भएको छ । भर्खरै यो समाचार आएको छ कि नेपालले एक हजार मेगावाट बिजुली निर्यात गर्ने सम्झौता सम्पन्न गरेको छ । यसको अर्थ नेपालले विद्युत् उत्पादनको सामर्थ्य बढाएको त छ नै, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता विस्तार गर्न पनि सफल भएको छ । नेपाल र नेपालीको लागि यो निकै सुखद खबर हो भन्दा अत्युक्ति नहोला ।

धेरै होइन, दश वर्ष पहिले नेपालमा लोडसेडिङ थियो । लोडसेडिङ त कुनै बेला यतिसम्म थियो कि एक दिनमा केही घण्टा बिजुली आउँथ्यो र हराउँथ्यो । त्यस बेला अहिलेको युग आउला भन्ने कल्पना पनि गर्न मुश्किल थियो तर नेपालले गत दश वर्षमा बिजुलीको क्षेत्रमा गरेको प्रगति निकै सन्तोषजनक छ । अब देश एक हजार मेगावाट बिजुली निर्यात गर्ने अवस्थामा पुगिसक्यो । हुनत गत आर्थिक वर्षमा नै नेपालको विद्युत् आयात–निर्यात सन्तुलनमा पुगेर नाफामा गएको थियो । नेपालले हिउँदमा आयात गर्छ र वर्षामा निर्यात गर्छ । अब बिस्तारै विद्युत् उत्पादन हरेक वर्ष बढिरहेको छ । नेपालले जति उत्पादनमा वृद्धि गरिरहेको छ, त्यति खपतमा वृद्धि गरिरहेको छैन । अर्थात्, उत्पादन क्षमता जति खपत क्षमता वृद्धि नहुँदा निर्यात क्षमतामा वृद्धि हुनु स्वाभाविक हो । नेपाल विद्युत् प्राधिकरण निरन्तर नाफामा रहँदा, अब केही वर्ष यसैगरी उत्पादनमा वृद्धि हुँदै जाने हो भने हिउँद महीनामा पनि नेपाल बिस्तारै आत्मनिर्भर बन्दै निर्याततर्फ उन्मुख हुने विश्वास लिन सकिन्छ । बिजुलीको क्षेत्रमा अहिले धेरै अनुमानहरू यथार्थ हुन सक्छन् भनिन थालिएको छ । यसको मूल कारण हरेक वर्ष विद्युत् उत्पादनमा वृद्धि हुँदै जानु हो । हरेक वर्ष केही विद्युत् आयोजनाहरू सम्पन्न भइरहेका छन् र राष्ट्रिय प्रसारण ग्रीडमा थपिंदो अवस्थामा छ । अझै धेरै विद्युत् आयोजनाहरू निर्माणाधीन छन् । यसरी नेपालले बिजुली निर्यात गरेर पनि सम्पन्नताको सपना देख्न सक्छ भन्ने पुरानो भनाइमा सत्यता वा सार्थकता छ भन्ने पत्याउन थालेका छन् सर्वसाधारणले ।

अहिलेको अवस्थामा नेपालको अधिकांश ठाउँमा बिजुली पुगिसकेको छ । एक दुई वर्षमा नेपाल पूर्ण विद्युतीकृत देश घोषणा हुने बाटोमा अग्रसर रहेको खबर पनि आइरहेको छ । नेपालको भूबनोट यति धेरै कठिन छ तर पनि नेपालको सम्पूर्ण क्षेत्रमा बिजुली पुग्दा समग्र नेपालको मुहार उज्यालो हुने कुरामा शङ्का छैन । यो दिन जहिले आउँछ, त्यो दिन निकै हर्षको कुरो हुनेछ । जब देशको सम्पूर्ण कुनाकाप्चामा विद्युत् पुग्नेछ तब नेपालमा बिहान कति, दिउँसो कति, राति कति बिजुली उपयोग हुँदोरहेछ अर्थात् नेपालमा औसतमा नेपालीले प्रत्येक दिन कति र वर्षभरिमा औसतमा कति विद्युत् खपत गर्दछन् भन्ने कुराको यकीन सम्भव हुन्छ । अहिले सम्पूर्ण सुगम क्षेत्रमा करीब बिजुली पुगिसकेको अवस्था छ र बिजुलीको खपत पनि भइरहेको छ । नेपालमा हरेक वर्ष बिजुलीको आन्तरिक खपतमा वृद्धि भइरहेको छ तर खपतको वृद्धि दरभन्दा उत्पादनको वृद्धिदर बढी रहेको छ । यद्यपि अहिले पनि नेपालमा बिजुली महँगो रहेको धेरैको भनाइ छ र बिजुलीको उपयोगको क्षेत्र बढाउनको लागि बिजुलीको दर सस्तो बनाउनुपर्ने माग पनि उठिरहेको छ । हरेक वर्ष नाफामा रहेको बिजुलीमा नाफाको हकमा उपभोक्ताको पनि हक लाग्छ भन्ने तर्क आइरहेको छ । यी तर्कहरू आफ्ना ठाउँमा छन् तर बिजुलीको उपभोगको गति बढाउनु आवश्यक देखिन्छ ।

विद्युत्को आपूर्तिमा अझै केही समस्या भइरहेको छ, पहिले यसलाई सुधार्नु अत्यावश्यक छ । अनावश्यक लाइन जान्छ । लाइन जानु र आउनुलाई सर्वसाधारणले स्वाभाविकरूपमा लिएका छन् जुन विद्युत् प्राधिकरणले विचार गर्नैपर्ने पक्ष हो । किन लाइन जान्छ ? लाइन जान नहुनेगरी कसरी व्यवस्थापन गर्न सकिन्छ ? यी प्रश्नको जवाफ प्राधिकरण आफैंले खोज्नुपर्छ । सर्वसाधारणले बिजुलीको महसूल तिरेका छन् । जतिसुकै कम वा बेसी बिजुली उपभोग गरेको भए पनि उपभोक्ताले सेवा शुल्क तिरेका छन् तर लाइन जाने–आउने गर्दा बिजुलीको उपभोगमा गुणस्तरीयता देखिएन । उपभोक्ताले सेवा शुल्क तिरिरहँदा पनि सेवामा सुधार नहुनु उपभोक्तामाथि न्याय होइन । अब न्याय गर्ने समय आइसकेको छ । साथै अबको दिनमा खपतलाई अझ विश्वसनीय बनाउनु पनि आवश्यक छ ।

विद्युत् खपतको क्षेत्रमा हरेक वर्ष विस्तार भइरहँदा प्राधिकरणको सधैंको समस्या बनेको छ, चुहावट । विद्युत् चुहावट नियन्त्रणको लागि धेरै प्रयास भएको देखिन्छ । यद्यपि प्राधिकरणले चुहावटलाई धेरै हदसम्म नियन्त्रण गरिसकेको छ, गरिरहेको छ तर पनि यो एउटा समस्याको रूपमा रहेको छ । कतिपयले यो पनि भन्ने गरेका छन् कि विद्युत् चुहावटमा यदि प्राधिकरणले ध्यान दिने हो भने यसलाई रोक्न सकिन्छ । अहिलेको समयमा बिजुलीको आवश्यकता हरेक मानिसलाई रहेको छ । बिजुलीको उपभोग कुनै पनि उपभोक्ताले मिटरमार्फत नै गर्ने गरेका छन् । अनि मिटर चाहिं प्राधिकरणले उपलब्ध गराउँछ, निश्चित प्रक्रिया पूरा गरेका ग्राहकलाई । प्राधिकरणले उपलब्ध गराउने विद्युत् मिटरले कति युनिट विद्युत् खपत भयो भन्ने देखाउँछ र मिटर रिडरले पढेपछि त्यसको युनिटको हिसाबले विभिन्न शुल्कसमेत जोडेर उपभोक्ताको हातमा बिल थमाएपछि उपभोक्ताले विद्युत् महसुल तिर्छ । अब यो प्रक्रिया बदल्नुपर्ने समय आइसकेको छ । यदि प्राधिकरणले चाहने हो भने उपभोग भइसकेपछि युनिट उठ्दा गन्ती हुने विद्युत् मिटरको ठाउँमा उपभोक्ताले पहिले नै विद्युत् महसूल तिरेपछि उक्त रकम बराबरको युनिट उपभोग गर्ने वातावरण बनाइदिनु उचित हुन्छ । अर्थात् अहिलेको पहिले बिजुलीको उपभोग गर्ने अनि महसूल तिर्ने पोस्टपेड विद्युत् मिटरको ठाउँमा पहिले पैसा तिर्ने अनि तिरेको पैसा बराबरको बिजुली उपभोग गर्न पाउने प्रिपेड विद्युत् मिटर जडानलाई प्राथमिकता दिनुपरेको छ । कोही कसैले कति उपभोग गर्नुछ भन्ने कुराको अनुमान लगाई त्यस बमोजिम रिचार्ज गरेपछि सम्बन्धित मिटरमा तुरुन्तै रिचार्ज हुने र उपभोग भएपछि शून्यमा झर्ने । जसरी प्रिपेड मोबाइलमा हुन्छ । उपभोक्तालाई थाहा हुन्छ कि मलाई अब यत्तिमात्र कुरा गर्नुछ । यस किसिमको प्रणालीको विकास अहिलेको आवश्यकता हो ।

सजिलै रिचार्ज हुने र रिचार्ज पाइने व्यवस्था गरिनुपर्छ । उपभोक्ताले चाहेमा इन्टरनेटको माध्यमले रिचार्ज गर्ने व्यवस्था गरिदिने हो भने सबैभन्दा बढी हाइसन्चो प्राधिकरणलाई नै हुन्छ । विना रिचार्ज कुनै पनि विद्युत् मिटर नचल्ने भएपछि प्राधिकरणलाई मिटर रिडरको आवश्यकता पर्दैन र कुनै पनि उपभोक्ता जरिवानामा पर्ने डर पनि हुँदैन । प्राधिकरणका कर्मचारीले घरघर पुगेर बिल काट्ने परिपाटीमा एकरूपता छैन । कतिपय अवस्थामा उपभोक्ताले समयमैं तिर्न चाहेर पनि सकिरहेको छैन र जरिवाना तिर्नुपरिरहेको छ । जरिवाना त त्यसले तिर्नुपर्ने हो, जसले गल्ती गर्छ । सिद्धान्तले यही भन्दछ । आजकाल नेपाल टेलिकमका प्रिपेड ग्राहकलाई थाहा छ, मलाई कति कुरा गर्नुछ, यसकारण कतिको भ्वाइस प्याक वा कति जिबि डाटा चाहिन्छ, सोही अनुसार तयारी गर्छ वा उपभोग गर्छ । यही तरीका नेपाल विद्युत् प्राधिकरणले पनि गर्नुपर्छ । जसरी डिसको रिचार्जको समय निकट आउँदै गर्दा मोबाइलमा सूचना आउँछ, रिचार्ज सकिएपछि स्वतः सबै च्यानल बन्द हुन्छ, यस्तै तरीका विद्युत् मिटरमा भयो भने उपभोक्ता सचेत हुन्छ र विद्युत्को अनावश्यक दुरुपयोगदेखि सावधान पनि हुन्छ ।

खेतखेतमा बिजुली पुग्नु अत्यावश्यक छ । बिजुलीको उपयोग जसरी उद्योगमा भइरहेको छ, त्यसरी कृषि क्षेत्रमा पनि हुनु अत्यावश्यक छ । प्रक्रिया वा नियम एउटा होला तर सबै तहको सरकार र मुख्यगरी नेपाल विद्युत् प्राधिकरणको दायित्वभित्र पर्दछ कि जहाँ बिजुलीको आवश्यकता छ, त्यहाँ सम्पूर्ण पूर्वाधारसहित उपभोक्तालाई बिजुली उपभोग गर्ने वातावरण बनाइदिनुपर्छ । बिजुलीको युग अनुसार खपत बढाउन, उपभोक्ताको समय जोगाउन र प्राधिकरणको चुहावट रोक्न नयाँ र आधुनिक किसिमको प्रिपेड मिटरमा विशेष ध्यान दिनु अत्यावश्यक छ । कोही पनि नठगिने र सबैलाई फाइदा हुने काममा प्राधिकरणको ध्यान जानु आवश्यक छ । अबको दिनमा विद्युत्को उपयोगको क्षेत्र अझ फराकिलो बन्ने निश्चित भएकोले विद्युत्को उपयोग र उपभोग व्यवस्थित गर्न यो आवश्यक पनि छ । गुणस्तरसहितको सेवामा प्राधिकरणको ध्यान जाओस् !

# बजेटमा परेका निजी क्षेत्रसँग सम्बन्धित २५ प्रतिशत योजना मात्रै पूर्ण कार्यान्वयन

काठमाडौं, ५ भदौ/रासस

गत आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख भएका निजी क्षेत्र तथा अर्थतन्त्रसँग सम्बन्धित योजना एवं कार्यक्रममध्ये करीब २५ प्रतिशत मात्रै पूर्ण कार्यान्वयनमा आएको देखिएको छ ।

नेपाल उद्योग परिसङ्घ (सिएनआई)ले नेपाल आर्थिक पत्रकार समाज (सेजन) सँगको सहकार्यमा तयार पारेर आज सार्वजनिक गरेको 'बजेट वाच' प्रतिवेदन अनुसार निजी क्षेत्र र अर्थतन्त्रसँग सम्बन्धित बजेटमा परेका ७३ बुँदाहरूको वार्षिक कार्यान्वयन प्रगति कमजोर देखिएको हो ।

बजेटमा परेका २४.६५ प्रतिशत अर्थात १८ वटा बुँदा पूर्ण कार्यान्वयन भएको, ६९.८६ प्रतिशत अर्थात ५१ बुँदा आंशिक कार्यान्वयन भएको र ५.४७ प्रतिशत अर्थात चारवटा बुँदाको कार्यान्वयन शून्य देखिएको हो ।

'बजेट वाच' प्रतिवेदन सार्वजनिक कार्यक्रममा मुख्यसचिव लीलादेवी गडतौलाले सरकारको वार्षिक बजेट कार्यान्वयनका लागि सबै विषयगत मन्त्रालय तथा मातहतका निकायहरू जिम्मेवार भएर लाग्नुपर्ने बताइन् । त्यस्तै वर्तमान सरकारले बजेट कार्यान्वयन कार्ययोजनासहित गर्न खोजेका नयाँ कामको सूची तयार भइरहेको पनि बताइन् ।

"वर्तमान सरकारले आफ्नो सय दिनको कार्ययोजना बनाइरहेको छ, प्राथमिकताका क्षेत्र निर्धारण गर्ने र त्यसको कार्यान्वयनमा गति दिनका लागि यो महत्त्वपूर्ण हुनेछ"–मुख्यसचिव गड्तौलाले भनिन्–"वार्षिक बजेटमा परेका विषय कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय र निकाय जिम्मेवार र जवाफदेह भएर लाग्न सके लक्ष्य अनुसार परिणाम आउँछ ।"

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले सरकारले वार्षिक बजेटमार्फत गरेका प्रतिबद्धता कार्यान्वयनको अवस्था हेर्नका लागि 'बजेट वाच' शुरू गरिएको उल्लेख गर्दै यो अध्ययनले निकालेको निष्कर्ष नीति निर्माण तह र सरकारलाई समेत उपयोगी हुने बताए । अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा बजेट कार्यान्वयनमा केही प्रगति देखिए पनि समग्रमा भने कमजोर नै रहेको उनको भनाइ छ ।

'बजेट वाच' प्रतिवेदन अनुसार गत आर्थिक वर्ष २०८०/८१ को बजेटमा परेका अधिकांश बुँदा नीति, कानून निर्माणसँग सम्बन्धित भएकाले प्रगति कमजोर देखिएको छ । ऐन, नियम, विनियम, कार्यविधि निर्देशिकाको अभावमा धेरै योजना तथा कार्यक्रम सहज रूपमा अघि बढ्न नसकेको प्रतिवेदनमा उल्लेख छ ।

"कानून बनिसकेका विषयमा पनि संरचनागत र प्रक्रियागत झन्झटका कारण अपेक्षित कार्यान्वयन हुन सकेको देखिँदैन, मस्यौदा बनिसकेका कानून स्वीकृतिमा विलम्ब भएको देखिन्छ, विधेयक लामो समयसम्म संसद्मा तथा नियमावली, कार्यविधि एवं निर्देशिका मन्त्रिपरिषद्मा अड्किने गरेको देखिएको छ"–प्रतिवेदनमा भनिएको छ ।

कतिपय योजना तथा कार्यक्रम प्रदेश र स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने गरी निर्धारण भएकोमा त्यसको वास्तविक कार्यप्रगति आकलन हुन सकेको उल्लेख छ । त्यस्तै बजेटका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयले छलफल चलाए पनि त्यसको ढाँचा यकीन गर्न नसक्दा समस्या उत्पन्न भएको निष्कर्ष अध्ययनले निकालेको छ ।

गत आर्थिक वर्षको बजेटमा परेका तर प्रगति नदेखिएका केही योजना तथा कार्यक्रम चालू आर्थिक वर्षको बजेटमा पनि अटाएका छन् भने केही योजना तथा कार्यक्रमलाई वार्षिक बजेटबाट हटाइएको छ । जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन, लगानी मोडालिटीलगायत पूर्व तयारीका काम नसकिनु, जनशक्ति अभाव हुनु, कर्मचारीको चाँडो–चाँडो सरुवा हुनु, अन्तर्मन्त्रालय तथा अन्तर्निकाय समन्वय अभावजस्ता समस्याले बजेटका योजना तथा कार्यक्रमको प्रगति कमजोर देखिएको निष्कर्ष अध्ययनको छ ।

त्यसैगरी बजेट कार्यान्वयनका लागि सम्बन्धित लेखा अधिकारी तथा आयोजना प्रमुखलाई जिम्मेवार बनाउन नसकिनु, एकीकृत सूचना प्रणालीको अभाव हुनुलगायत विषयलाई पनि समस्याका रूपमा पहिचान गरिएको छ ।

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# स्वास्थ्य मन्त्रालय र आविष्कार केन्द्रबीच सम्झौता

काठमाडौं, ५ भदौ/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र राष्ट्रिय आविष्कार केन्द्रबीच सङ्घीय सरकार मातहतका १७ अस्पतालमा रहेका उपकरणाको मरम्मत सम्भार र व्यवस्थापन गर्नेलगायत विषयमा सहकार्य गर्ने सम्झौता भएको छ।




स्वास्थ्यमन्त्री प्रदीप पौडेलको उपस्थितिमा मन्त्रालयमा आज आयोजित कार्यक्रममा मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा मदन उपाध्याय र आविष्कार केन्द्रका तर्फबाट अध्यक्ष डा महावीर पुनबीच त्यससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो। सो अवसरमा स्वास्थ्यमन्त्री पौडेलले राज्यमा उपलब्ध सीमित स्रोत साधनका बीच स्वास्थ्य क्षेत्रलाई व्यवस्थित गर्न उपकरणालाई चुस्त र व्यवस्थित तुल्याउनुपर्ने भएकोले केन्द्रसँग सहकार्य गर्न लागिएको बताए।

मन्त्री पौडेलले भने–"हामीले साधन स्रोत बढाएर तत्काल आवश्यकता अनुसारका उपकरण खरीद गर्न सक्ने अवस्था छैन, त्यसकारण अहिले हामीसँग भएका उपकरणालाई बढीभन्दा बढी प्रयोगमा ल्याउने सन्दर्भमा गरिएको सम्झौता महत्त्वपूर्ण प्रयास रहेको छ।"

अस्पतालमा प्रयोग हुन नसकेर थन्किएका उपकरणलाई प्रयोगमा ल्याउन सकिए नयाँ खरीद गर्न लाग्ने ठूलो खर्च जोगिने उल्लेख गर्दै मन्त्री पौडेलले थोरै खर्चमा त्यस्ता सामग्री मरम्मत र व्यवस्थापन गर्ने कामको थालनी भएको बताए। "मरम्मत र अरू ढङ्गले उपयोगमा ल्याउन नसकिने सामग्री अस्पतालमा छन्, प्रयोगमा आउने र नआउने छुट्याएर सोही अनुरूप व्यवस्थापन गर्न जरुरी छ। त्यो काम गर्दा अस्पताल सफा हुने र कम खर्चमा उपकरण प्राप्त हुने भएका कारण आविष्कार केन्द्रसँग सहकार्य गर्न लागिएको हो"–उनले भने।

मुलुकको प्रसिद्ध र स्थापित संस्था तथा विश्वास आर्जन गरिरहेको नेतृत्वलाई मन्त्रालयको महत्त्वपूर्ण कामको जिम्मेवारी दिन पाएकोमा खुशी व्यक्त गर्दै मन्त्री पौडेलले सहकार्यको संस्कारले स्वदेशी संस्था र जनशक्तिलाई राज्यले विश्वास गरेको देखिने बताए।

सो अवसरमा केन्द्रका अध्यक्ष पुनले स्वास्थ्य क्षेत्र सुधारका सन्दर्भमा आविष्कार केन्द्रले अर्को महत्त्वपूर्ण जिम्मेवारी पाएको प्रतिक्रिया दिए। उनले भने–"यो जिम्मेवारी भनेको सङ्घीय सरकार अन्तर्गत रहेका अस्पतालमा बिरामीको स्वास्थ्य परीक्षण गर्ने बायोमेडिकल उपकरण मरम्मत गर्ने तथा ती उपकरणको अवस्था के–कस्तो छ भनी यकीन गर्ने हो।"

ती अस्पतालमा रहेका उपकरण के–कति प्रयोगमा आउन सक्ने र कुन अवस्थामा छन् भनी यकीन गर्ने तथा बनाउन सकिने र नसकिने पहिचान गर्ने कार्य केन्द्रले गर्नेछ। मरम्मत गर्न सकिने भए बनाउने र नसकिने भए सोही अनुसारको रायसुझाव आविष्कार केन्द्रले मन्त्रालयलाई दिनेछ।


"स्वास्थ्य मन्त्रालयले आविष्कार केन्द्रलाई ठूलो जिम्मेवारी दिएको छ"–अध्यक्ष पुनले भने–"हामीले पाएको जिम्मेवारी नागरिकको स्वास्थ्यसँग सम्बन्धित छ। उपकरणलाई ठीक अवस्थामा राख्न सकिए धेरैको ज्यान बचाउन सकिन्छ। लाखौं नागरिकले यसबाट सेवा लिन सक्छन्। त्यसैले यो सानोतिनो जिम्मेवारी होइन।"

केन्द्रले क्षमताले भ्याएसम्म इमानदारीपूर्वक कुनै छलछाम नगरी राष्ट्र र जनताको सेवा गर्ने प्रतिबद्धता जनाउँदै अध्यक्ष पुनले नौलो र बृहत् क्षेत्र भए पनि विगतका अनुभवले काम पूरा गर्ने विश्वास व्यक्त गरे।

सम्झौता अनुसार आविष्कार केन्द्रका प्रतिनिधि सबै अस्पताल गएर त्यहाँ प्रयोग नभएका र सूचीकृत भएका सामानको पहिचान गरी सोही अनुरूप प्रतिवेदन दिनेछन्। आफैं बनाउन के कति मूल्य र पार्टपूर्जा चाहिन्छ त्यसको अभिलेख तयार गरिने छ।

यस्ता काम आगामी दिनमा केन्द्रमार्फत नै अगाडि बढ्ने भएकोले उपकरण व्यवस्थापनमा महत्त्वपूर्ण सहयोग पुग्ने मन्त्रालयले जनाएको छ। सरकारको एउटा मन्त्रालयले प्राविधिक रूपमा काम गराउन आविष्कार केन्द्रलाई विश्वास गर्न शुरू गरेको छ। केन्द्रलाई राज्यले विश्वास गरेको, उपकरण प्रयोगमा आउन सक्ने सम्भावना बढेको हुँदा स्वास्थ्य क्षेत्रको खर्चको लागत घटाउन र प्राविधिक जनशक्तिको उपयोग हुनेछ।

सम्झौतापत्र कार्यान्वयन भएसँगै करोडौं मूल्य पर्ने तर सामान्य मरम्मत नगर्दा स्वास्थ्य क्षेत्रमा प्रयोगमा नआएका उपकरण प्रयोगमा आउने, सामान्य मरम्मतपछि ती उपकरण सञ्चालनमा आउँदा नयाँ खरीद गर्नु नपर्ने तथा स्वदेशी जनशक्ति, स्रोत र साधन प्रयोग हुने विश्वास लिइएको छ।




दामोदरकुण्ड : समुद्र सतहदेखि चार हजार आठ सय मिटर उचाइमा रहेको मुस्ताङको लो–घेकर दामोदरकुण्ड गाउँपालिका–४ स्थित धार्मिक स्थल दामोदरकुण्ड। समुद्र सतहदेखि पाँच हजार पाँच सय मिटर उचाइको पहाड पार गरेर पुगिने दामोदरकुण्ड शालिग्राम शिला पाइने कालीगण्डकी नदीको मुहान हो। दामोदरकुण्ड हिन्दू धर्मावलम्बीहरूको तीर्थस्थल हो। तस्बिर : सन्तोष गौतम/रासस

# वीरगंज भन्सारको राजस्व सङ्कलनको लक्ष्य २७ अर्बले घटाइयो

वीरगंज, ५ भदौ/रासस

वीरगंज भन्सार कार्यालयले दुई वर्षदेखि लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न असफल भएसँगै भन्सार विभागले राजस्व सङ्कलनको लक्ष्य घटाइदिएको छ।

भन्सार विभागले वीरगंज भन्सार कार्यालयलाई राजस्व सङ्कलनको महत्त्वाकाङ्क्षी लक्ष्य दिए पनि कार्यालयले लक्ष्य अनुसार राजस्व भेट्टाउन सकिरहेको थिएन। विभागले आर्थिक वर्ष २०८०–८१ को तुलनामा चालू आर्थिक वर्ष २०८१–८२ मा राजस्व सङ्कलन गर्ने लक्ष्य रु २६ अर्ब ९२ करोड ८६ लाख ७२ हजारले घटाएको हो।

विभागले वीरगंज भन्सार कार्यालयलाई आव २०८०–८१ मा रु दुई खर्ब ४५ अर्ब ८८ करोड ५० लाख ८२ हजार राजस्व सङ्कलनको लक्ष्य निर्धारण गरेको थियो। तर, कार्यालयले गत आवमा मुश्किलले रु एक खर्ब ५७ अर्ब ४० करोड ३१ लाख २८ हजार राजस्व सङ्कलन गरेको थियो। विगतका वर्षमा लक्ष्य र सङ्कलनबीच ठूलो अन्तर देखिएपछि चालू आवमा राजस्व सङ्कलनको लक्ष्य घटाइएको हो।

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य सुबोधकुमार गुप्ताले भन्सार विभागले भन्सार कार्यालयलाई




समयसापेक्ष भन्दा महत्त्वाकाङ्क्षी लक्ष्य दिंदा पनि लक्ष्य अनुसार राजस्व सङ्कलन नभएको बताए। "सरकारले आयात खुम्चिरहेको अवस्थामा महत्त्वाकाङ्क्षी लक्ष्य राखेपछि कहिल्यै पनि लक्ष्य भेट्न सकिन्न"–उनले भने–"गत आवमा सङ्कलन भएको राजस्वको १० देखि १५ प्रतिशत बढाएर लक्ष्य राख्ने हो भने सहजै लक्ष्य भेटिने थियो।"

वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले भन्सार विभागले निर्धारित गरेको राजस्व सङ्कलन नभएपछि राजस्व सङ्कलनको लक्ष्य घटाइएको हुन सक्ने बताए। "विगत केही वर्ष यता लक्ष्य अनुसार राजस्व सङ्कलन हुन नसकेको यथार्थ हो। त्यसैले विभागले घटाएको होला"–उनले भने–"विभागले कार्यालयलाई चालू आवमा रु दुई खर्ब १८ अर्ब रुपियाँ राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको छ।" सूचना अधिकारी कर्णले विभागले चालू आवमा तोकिदिएको लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न कार्यालय सक्रिय भएर लाग्ने बताए।

कार्यालयले आव २०७९–८० मा रु दुई खर्ब ६० अर्ब ९७ करोड राजस्व

(बाँकी पाँचौं पातामा)

# नेप्से परिसूचकमा सामान्य अङ्कको वृद्धि

काठमाडौं, ५ भदौ/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ। आज नेप्से परिसूचक २.११ अङ्कले बढेर २,९६८.४४ को बिन्दुमा कायम भएको हो।

आज ३३७ कम्पनीको चार करोड १४ करोड ५४ हजार छ सय ११ कित्ता शेयर दुई लाख १४ हजार तीन सय १९ पटक खरीदबिक्री हुँदा रु १८ अर्ब ९० करोड ६३ लाख ७३ हजार नौ सय ९२ बराबरको कारोबार भएको छ।

आजको कारोबारमा बैंकिङ ०.५९, विकास बैंक ०.७२, वित्त ४.९९, लगानी ०.१२ र अन्य समूह ०.१८ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ। होटल तथा पर्यटन १.०३, जलविद्युत् ०.७५, जीवन बीमा ०.१९, उत्पादन तथा प्रशोधन ०.४१ र लघुवित्त ०.५४ प्रतिशतले घटेको छ। त्यसैगरी, म्युचुअल फन्ड ०.६४, निर्जीवन बीमा ०.६८ र व्यापार समूह २.०९ प्रतिशतले घटेको छ।

कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, सिन्धु विकास बैंक लिमिटेड, रिलायन्स फाइनान्स लिमिटेड र दोल्ती पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। त्यस्तै, कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ६६ करोड दुई लाख ३९ हजार बराबरको कारोबार भएको छ। कारोबार भएको शेयर सङ्ख्याका आधारमा भने कुमारी बैंक लिमिटेडको १२ लाख ९४ हजार एक सय ३० कित्ता शेयर किनबेच भएको छ।

# खराब मौसमका कारण उडान प्रभावित

काठमाडौं, ५ भदौ/रासस

प्रतिकूल मौसमका कारण मुलुकभरका विमानस्थलमा उडान प्रभावित भएको छ। खराब मौसम तथा कम भिजिबिलिटीका कारण आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान प्रभावित भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ।

विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाका अनुसार निरन्तरको वर्षाले केही उडान प्रभावित भएका छन्। मौसम खराब रहेकाले भिजिबिलिटी कमजोर हुँदा पोखरामा उडान स्थगित गरिएको छ भने, जनकपुर र सिमरा विमानस्थलमा समयमा उडान हुन सकेका छैनन्।


अन्तर्राष्ट्रियतर्फ एयर चाइनाको विमान 'डाइभर्ट' भएको छ। बिहान १०:५५ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने तालिका रहेको उक्त विमान खराब मौसमका कारण 'डाइभर्ट' भएको हो। अन्तर्राष्ट्रिय उडानका अन्य विमान केही बेर 'होल्ड' भए पनि अहिले अवतरण हुन थालेको विमानस्थलका महाप्रबन्धक निरौलाले जानकारी दिएका छन्।

बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णका अनुसार खराब मौसमका कारण पोखरा विमानस्थलमा उडान स्थगित गरिएको छ। भरतपुर विमानस्थलमा भिजिबिलिटी कम हुँदा उडान हुन सकेको छैन। सुर्खेत विमानस्थलमा खराब मौसमका कारण बुद्ध एयरको विमान आज बिहान नेपालगंज डाइभर्ट भएको थियो। मौसमकै कारण मङ्गलवार पोखरा विमानस्थलको उडान प्रभावित भएको थियो

हाल देशभर मनसुनी वायुको प्रभाव रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले मनसुनको न्यून चापीय रेखा सरदर स्थानको केही उत्तर रहेकोले देशभर आंशिकदेखि साधारणतया बदली रहेको जनाएको छ।

कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन र चट्याङ्सहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले पूर्वानुमान गरेको छ।



दूधकुण्डः समुद्री सतहबाट चार हजार ६०० मिटरको उचाइमा अवस्थित सोलुखुम्बुको सोलु दूधकुण्ड नगरपालिका–१ मा अवस्थित दूधकुण्ड। बर्सेनि जनैपूर्णिमाका अवसरमा मेला भर्न, कुण्ड अवलोकन तथा दर्शनका लागि यहाँ पर्यटक आउने गर्छन्। तस्बिरः सुवास दर्नाल/रासस

# गुडिरहेको माइक्रोबसमा ढुङ्गा खस्दा दुईजना घाइते

भरतपुर, ५ भदौ/रासस

चितवनको नारायणगढ–मुग्लिन सडकखण्डमा गुडिरहेको माइक्रोबसमा माथिबाट ढुङ्गा खस्दा दुईजना घाइते भएका छन्।

भरतपुर महानगरपालिका–२९ स्थित १७ किलोमा काठमाडौंबाट नारायणगढतर्फ आइरहेको बा प्र ०१–००६ ख ६४१४ नम्बरको माइक्रोबसमा ढुङ्गा खस्दा देबचुली नगरपालिका–१३ का ३० वर्षीया कल्पना परियार र उनकी आठ वर्षीया छोरी कन्चन परियार घाइते भएका हुन्। दुवैजना सोही माइक्रोबसका यात्री हुन्।

घाइते दुवैको पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको प्रमुख जिल्ला अधिकारी इनद्रदेव यादवले जानकारी दिनुभयो। उनीहरूको अवस्था सामान्य छ। माथिबाट ढुङ्गा खसेर माइक्रोबसमा समेत क्षति पुगेको छ। उक्त सडकखण्डमा बर्षातको समयमा पटकपटक पहिरो जाँदा सडक अवरूद्ध हुनुका साथै मानविय क्षति हुँदै आएको छ।

दुई दिनदेखि चितवन आसपासको क्षेत्रमा निरन्तर पानी परिरहेकाले अत्यावश्यक वाहेक यात्रा नगर्न जिल्ला प्रशासन कार्यालय चितवनले सबैमा अनुरोध गरेको छ।

# नागढुङ्गा नजीक पहिरो खस्यो

काठमाडौं, ५ भदौ/रासस

काठमाडौंको चन्द्रागिरि नगरपालिका–२ स्थित नागढुङ्गामा पहिरो खस्दा अहिले सो क्षेत्रमा यातायात सेवा अवरुद्ध भएको छ।

पहिरो खसेका कारण सडक आवागमन अवरुद्ध भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए। उनका अनुसार नागढुङ्गा चोकबाट केही मिटर पर नागमन्दिर नजीकै पहिरो खसेको हो। काठमाडौं भित्रिने र बाहिरिने सबै सवारीसाधान ठप्प छन्। अहिले सो क्षेत्रमा पानी परिरहेको र पहिरो खस्ने क्रम जारी रहेकाले यातायात सेवा ठप्प छ।

नागढुङ्गामा खटेको प्रहरीले काठमाडौंबाट जाने सवारी साधन नागढुङ्गामैं र आउने सवारीसाधान पिप्लामोडभन्दा तलै रोकेको छ।

# राज्यको मूल प्रवाहमा मधेसी समुदायको सहभागिता सुधारात्मक

सुशील दर्नाल, काठमाडौं, ५ भदौ/रासस

नेपालको भौगोलिक क्षेत्र अनुसार तराईको क्षेत्रफल २३.१ प्रतिशत र जनसङ्ख्या ५३.६६ प्रतिशत छ। मूल रूपमा तराई क्षेत्रमा मधेसी समुदायको बसोवास रहेको पाइन्छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार मधेसी समुदाय ३३.२८ प्रतिशत रहेको छ। जनगणनामा थारू र मुस्लिमको सङ्ख्यासमेत जोडिएको छ। जसमध्ये थारू ६.२ प्रतिशत, मुस्लिम ४.८६ प्रतिशत रहेको देखिन्छ। यसरी हेर्दा २२.२२ प्रतिशत पूर्ण मधेसी समुदायको जनसङ्ख्या रहेको यकीन गर्न सकिन्छ। मधेसी आयोगले पछिल्लो समय गरेको अध्ययन अनुसार नेपालको कुल ८६,२९६ निजामती कर्मचारीमध्ये आठ प्रतिशत सङ्ख्या मधेसीको रहेको छ। जसमध्ये ७६.६८ प्रतिशत अर्थात् ५३०३ जना प्राविधिक क्षेत्रमा, २२.७७ प्रतिशत अर्थात् १,५७५ अप्राविधिक क्षेत्रमा र बाँकी ०.५३ प्रतिशत अर्थात् ३७ जना अन्य क्षेत्रमा रहेको तथ्याङ्कले देखाउँछ।

त्यसैगरी सुरक्षा निकायमध्ये नेपाल प्रहरीमा १२ प्रतिशत अथात् ९,४८२ जना मधेसी रहेका छन्। तथ्याङ्क सङ्कलनबाट वित्तीय क्षेत्रको माथिल्लो निकाय नेपाल राष्ट्र बैंकमा १२.११ प्रतिशत मधेसी रहेका छन्। मधेसी समुदायले बिस्तारै निजामतीदेखि अन्य सेवामा आफ्नो क्षेत्र विस्तार गरे पनि जनसङ्ख्याको आधारमा यो अत्यन्तै कम रहेको मूल्याङ्कन गर्न सकिन्छ।

अध्ययनबाट मधेसी समुदायको उपस्थिति मुलुकभरका अधिकांश स्थानीय तहमा देखिन्छ। सातै प्रदेशका अधिकांश स्थानीय तहका प्रशासन, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा मधेसीहरूको उपस्थितिले उक्त क्षेत्रमा अब्बलता झल्काएको छ। मधेस प्रदेशसँगै देशभरका स्थानीय कार्यालयहरूमा प्राविधिक क्षेत्रबाहेक पनि अन्य सबै क्षेत्रमा मधेसीको पहुँच अध्ययनले देखाउँछ। नेपाली सेनामा करीब तीन प्रतिशत मधेसी सङ्ख्या हुनु तथा माथिल्ला पदहरूमा केही सङ्ख्यामा पुग्नु भविष्यको लागि आशा जगाउने यथार्थको रूपमा चित्रित गर्न सकिने आयोगका अध्यक्ष डा विजयकुमार दत्तले बताए। संविधान तथा निर्वाचनसम्बन्धी कानूनहरूमा भएको व्यवस्थाबमोजिम निर्वाचन आयोगले २०७४ सालमा सम्पन्न गरेको स्थानीय तह, प्रदेशसभा सदस्य, प्रतिनिधिसभा सदस्य, राष्ट्रियसभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनको परिणाम अनुसार स्थानीय तहमा ४०.७५ प्रतिशत, प्रदेशसभामा ३४.४० प्रतिशत, प्रतिनिधिसभामा ३३.५३ प्रतिशत र राष्ट्रियसभामा ३७.३० प्रतिशत महिला तथा समावेशी समूहको प्रतिनिधित्व रहेको छ। सामाजिक समावेशी दृष्टिकोणले हेर्दा मधेसी र दलितको प्रतिनिधित्व स्थानीय तहमा क्रमशः १६ र २४ प्रतिशत, प्रदेशसभामा क्रमशः १८ र ६ प्रतिशत, प्रतिनिधिसभामा क्रमशः १७ र ७ प्रतिशत तथा राष्ट्रियसभामा क्रमशः ८ र १२ प्रतिशत रहेको छ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार शाहले पछिल्लो समयमा राज्यका संरचनाहरूमा केही मात्रामा मधेसी समुदायको प्रतिनिधित्व भए पनि सन्तुष्टि हुने अवस्था नरहेको बताए। उनले भने–"मुलुकमा समावेशिता लागू भएपपछि सरकारी कर्मचारीमा मधेसीको सहभागिता पनि बढ्दै गएको देखिन्छ तर त्यो पर्याप्त होइन।" निजामती सेवा ऐनको दफा (७) मा पदपूर्तिसम्बन्धी व्यवस्था गरी विशिष्ठ श्रेणीबाहेक पदमा खुला र बढुवाद्वारा पदपूर्ति गरिने प्रतिशत निर्धारण गर्दै खुलाद्वारा पदपूर्ति गर्दा कुल पदको ३५ प्रतिशत पद विभिन्न समूह र भूगोलका लागि आरक्षण गरिएको छ। खुला प्रतियोगितामा आरक्षणको व्यवस्था गर्दै निर्धारितमध्ये ४५ प्रतिशत कायम हुन आएकालाई शतप्रतिशत मानी महिला, मधेसी, आदिवासी/जनजाति, दलित, पिछडिएको क्षेत्र र अपाङ्ग गरी छ समूहमा बढीमा ३३ देखि कममा चार प्रतिशतसम्म रहने गरी आरक्षित गरिएको छ। मधेसी, दलित, आदिवासी/जनजातिका लागि थरलाई आरक्षण दिने आधारका रूपमा लिइएको छ। आरक्षित पद सङ्ख्यामध्ये महिलालाई ३३ प्रतिशत, आदिवासी जनजातिलाई २७ प्रतिशत, मधेसीलाई २२ प्रतिशत, दलितलाई नौ प्रतिशत, अपाङ्गलाई पाँच प्रतिशत र पिछडिएको क्षेत्रलाई चार प्रतिशत पद सुरक्षित गरिएको छ।

त्यसैगरी नेपाल विविध सेवातर्फ ३०२ जना, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवामा २२ जना, नेपाल इन्जिनीयरिङ सेवामा १२४० जना, नेपाल कृषि सेवामा १७५, नेपाल न्याय सेवामा २५२, नेपाल परराष्ट्र सेवामा १४, नेपाल प्रशासन सेवामा १,३१२, नेपाल लेखा परीक्षण सेवामा २२, नेपाल वन सेवामा २९८, नेपाल शिक्षा सेवामा ८७, नेपाल संसद् सेवामा तीन, नेपाल स्वास्थ्य सेवा ३,१७५, व्यवस्थापिका संसद् सेवा चार, संवैधानिक पदाधिकारी छ र अन्य दुईजना गरी ६,९१५ जना मधेसी समुदायको प्रतिनिधित्व रहेको छ। सङ्घ र प्रदेश तहमा निजामतीमा मधेसी समुदायको सङ्ख्या हेर्दा सङ्घमा ५३३३, कोशी प्रदेशमा १४१, मधेसमा १२५४, बागमतीमा ४२, गण्डकीमा ६, लुम्बिनीमा १०९, कर्णालीमा ६ र सुदूरपश्चिम प्रदेशमा २४ जना रहेको देखिन्छ।

आयोगका सचिव नरेशराज खरेलले भने–"तहगतरूपमा निजामती कर्मचारीमा मधेसीको सङ्ख्या हेर्दा अतिरिक्त न्यायाधीश एक, न्यायाधीश उच्च अदालत चार, जिल्ला न्यायाधीश एक, अधिकृत एघारौं पाँच, अधिकृत दशौं १४, अधिकृत नवौंमा २२, अधिकृत आठौं १०१, अधिकृत सातौं २०, अधिकृत छैटौं ४४, सहायक पाँचौं १५४, सहायक चौथो १८१, दशौं तह २ नवौं तह १० र आठौं तह ७५ जना रहेका छन्।" प्राविधिकमा ५३०३, अप्राविधिक १५७५ र अन्यमा ३७ जना, नेपाली सेना २२६९, नेपाल प्रहरी ९४८२, सशस्त्र प्रहरी बल ५४७४, राष्ट्रिय अनुसन्धान विभागमा २६२ जना रहेको अध्ययनले देखाएको छ। नेपाली सेनातर्फ रथीवृन्द तथा अधिकृतस्तरमा ९३ र पदिक तथा अन्य दर्जामा २१७६ गरी जम्मा २२६९ रहेको छ।

नेपाल प्रहरीमा मधेसी समुदायको प्रतिनिधित्व हेर्दा प्रअमनि एक, प्रनामनि दुई, प्रवउ छ, प्रउ पाँच, प्रनाउ २५, प्रनि ११९, प्रवनानि ७४, प्रनानि २३७, प्रसनि १०२६, प्रवह ५५७, प्रहरी १८४६, प्रजमा ३८५९, प्रकाशमा २३३ गरी जम्मा ९४८२ रहेको तथ्य छ। राष्ट्रिय अनुसन्धान विभागतर्फ राप प्रथम श्रेणीमा तीन, राप द्वितीय श्रेणी १४, राप तृतीय श्रेणी १२, रापअनं. प्रथम २८, रापअनं. द्वितीय ७८, रापअनं. तृतीय ४३ र रापअनं. चतुर्थमा ८४ गरी जम्मा २६२ जना रहेका छन्। सशस्त्र प्रहरीमा ५४७४ जना अधिकृत तथा सहायकस्तर रहेका छन्। संवैधानिक आयोगतर्फ लोकसेवा आयोगमा एक पदाधिकारी र २४ कर्मचारी, महालेखा परीक्षकको कार्यालयमा ३३ कर्मचारी मधेसी आयोगका पाँच पदाधिकारी र दुईजना कर्मचारी, महिला आयोगमा एकजना पदाधिकारी र तीन कर्मचारी, राष्ट्रिय मानव अधिकार आयोगमा एक पदाधिकारी र ३२ कर्मचारी, मुस्लिम आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय समावेशी आयोग र राष्ट्रिय दलित आयोग भने मधेसी समुदायको पदाधिकारी र कर्मचारी शून्य रहेको छ।

संसद् सचिवालयतर्फ सङ्घीय संसद्मा ६९ सांसद र १७ जना कर्मचारी रहेका छन्। त्यसैगरी मधेस प्रदेशमा १६८ जना सांसद र ७९ जना कर्मचारी रहेका छन्। 'राष्ट्रिय समाचार समिति (रासस) मा ३२ जना, रेडियो नेपालमा ६६, गोरखापत्र संस्थानमा १७ र नेपाल टेलिभिजनमा ६३ जना गरी जम्मा १७८ जना मधेसी समुदाय रहेको पाइएको छ'– अध्ययन प्रतिवदेनमा भनिएको छ।

नेपाल राष्ट्र बैंकमा १३६, कृषि विकास बैंक २२१ र नेपाल बैंक लिमा ३७८ गरी जम्मा ७३५ मधेसी समुदायका कर्मचारी रहेका छन्। मधेसी समुदायको हक हित प्रवर्द्धन गर्दै उनीहरूलाई राज्यको मूलप्रवाहमा ल्याउन नेपालको संविधानको धारा २६२ मा मधेसी आयोगको व्यवस्था गरिएको छ। मधेसी समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र संवर्द्धन तथा मधेसी समुदायको सशक्तीकरणका लागि नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका–संसदले मधेसी आयोग ऐन, २०७४ बनाई २०७४ असोज २७ गते राष्ट्रपतिबाट प्रमाणीकरण भई विधिवत् मधेसी आयोगको गठन भएको हो। सरकारको २०७५ कात्तिक २७ गतेको निर्णयबाट मधेसी आयोगको कार्यालयको स्थापना भएको हो। मधेसी आयोग ऐन २०७४ को दफा ७ अनुसार मधेसी समुदायको सम्बन्धमा तीनै तहका सरकारलगायत सरोकारवाला संस्थाहरूमा सुझाव र सिफारिश गर्ने कानूनी अधिकार छ।

संविधानको प्रस्तावनामैं बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीच एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावको संरक्षण एवं प्रवर्द्धन गदै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा

(बाँकी अन्तिम पातामा)




**उर्लिएको सेती नदी र पुलः** डोटी जिल्लामा रहेको पिपल्ला र शिलगढीबजार जोड्न सेती नदीमा बनेको पुल तथा वर्षात्मा उर्लिएको सेती नदी। पछिल्लो समय पुल आन्तरिक पर्यटकका लागि आकर्षणको केन्द्रसमेत बन्दै गएको छ । तस्वीरः धनबहादुर भण्डारी/रासस

## फरक समाचार

### सजिवनको पात सबैभन्दा बढी स्वस्थकर

सजिवन जसलाई ड्रमस्टिक अथवा मोरिङ्गा पनि भनिन्छ यसलाई जादूको रूख भन्दा हुन्छ। शताब्दीयौंदेखि आयुर्वेदमा यसको प्रयोग हुँदै आएको छ। यसको फूल, बीउ, फल र जरा सबै पोषक तत्त्वले भरिपूर्ण हुन्छ तर यसको





पातको सेवन सबैभन्दा स्वस्थकर मानिन्छ।

एउटा रिपोर्ट अनुसार सजिवनको पात भिटामिन (ए, सी र ई), खनिजहरू (क्याल्सियम, पोटासियम र फलाम) र आवश्यक एमिनो एसिडसहित पोषक तत्त्वहरूको पावरहाउस हो। मोरिङ्गा क्वेरसेटिन, क्लोरोजेनिक एसिड र बिटा क्यारोटिनजस्ता एन्टिअक्सिडेन्टले भरिपूर्ण हुन्छ। यसको सेवनले आयु घटाउने यी ६ रोग लाग्दैनन्।

**फ्याटी लिभरः** नेशनल इन्स्टिच्युट अफ हेल्थको प्रतिवेदन अनुसार मोरिङ्गाको पातको सेवनले नन अल्कोहलयुक्त फ्याटी लिभरबाट बच्न सकिन्छ। यसमा पाइने पोषक तत्त्वले कलेजोको सुनाइ कम गर्छ र यसलाई क्षति हुनबाट बचाउँछ।

**रक्तचापः** सजिवनमा पाइने क्वेर्सेटिन नामक एन्टिअक्सिडेन्टले रक्तचाप कम गर्न मदत गर्छ। साथै यसको पातमा पोटासियम पनि हुन्छ, जसले धमनीमा रगतको प्रवाहलाई सजिलो बनाउँछ।

**मधुमेहः** सजिवनको पातमा इन्सुलिनजस्ता तत्त्व पाइन्छ, जसले रगतमा चिनी बढेकोमा नियन्त्रण गर्न मदत गर्छ। यसबाहेक सजिवनमा पाइने फाइबरले रगतमा चिनीको अवशोषणलाई पनि सुस्त बनाउँछ, जसले गर्दा मधुमेहको सम्भावना कम हुन्छ।

**कोलेस्ट्रोलः** सजिवनमा फाइबर र एन्टिअक्सिडेन्ट हुन्छ जसले रगतमा खराब कोलेस्ट्रोल (एलडिएल) को स्तर घटाउन मदत गर्छ। यसले अवरोधका कारण स्ट्रोक र हृदयघातजस्ता जोखिम कम गर्छ।

**कब्जियतः** सजिवनको पातमा पाइने फाइबरले पाचन सुधार गर्न र कब्जियतबाट राहत प्रदान गर्न मदत गर्छ। यसबाहेक सजिवनमा पाइने एन्टी इन्फ्लेमेटरी गुणले पाचनसम्बन्धी समस्याबाट पनि राहत दिन्छ।

**मोटोपनाः** सजिवनमा फाइबर र प्रोटिन हुन्छ जसले भोक नियन्त्रण गर्न मदत गर्छ। यसबाहेक सजिवनमा पाइने क्लोरोफिल तौल घटाउन पनि सहयोगी हुन्छ।

### डब्लुएचओको सूचीमा खराब खानेकुरा

आधुनिक जीवनशैलीमा यस्ता धेरै खानेकुरा बन्न थालेका छन् जसले जिब्रोलाई स्वाद त दिन्छ तर शरीरमा पुगेपछि हलचल मचाउँछ। यसको असर तुरुन्तै नभए पनि बिस्तारै यी खानेकुराले शरीरलाई खोक्रो बनाउन थाल्छ। यसैकारण विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले धेरै खानेकुराहरूको सूची सार्वजनिक गरेको छ जसबारे मानिसलाई यी खानेकुराहरू पटक्कै नखान वा खाए पनि थोरै खान निर्देशन दिइएको छ।

**पास्ता र पाउरोटी :** रिपोर्टका अनुसार रिफाइन्ड कार्बोहाइड्रेट संसारमा



सबैभन्दा अस्वस्थ चीज हो। पास्ता र ब्रेड परिष्कृत कार्बोहाइड्रेटबाट मात्र बनाइन्छ। मीठो खाजामा पनि परिष्कृत कार्बोहाइड्रेट हुन्छ। यी चीजहरूले रगतमा चिनी बढाउँछ। पास्ता र ब्रेड अति–प्रशोधित चीजहरू भइसकेका छन् जुन खाना खानु अघि १० पटक सोच्नुपर्छ।

**आलु चिप्स :** हामीमध्ये धेरैले हरेक दिन आलु चिप्स खान्छौं। आलुका चिप्सलाई परिष्कृत तेलमा धेरै उच्च तापक्रममा तताइन्छ। यसमा धेरै नुन प्रयोग गरिन्छ। यी दुवै कुरा स्वास्थ्यका लागि निकै हानिकारक छन्। यसमा धेरै क्यालोरी पनि हुन्छ।

**पाम तेल :** आजभोलि पाम तेल धेरै घरमा प्रयोग गरिन्छ। पाम तेल धेरै खतरनाक हुन्छ। यसले मुटुमा ठूलो हानि पुऱ्याउँछ। पाम तेलले कोलेस्ट्रोल बढाउँछ। त्यसैले पाम तेलको सेवन गर्नुहुँदैन।

**पिज्जा र बर्गर :** पिज्जा र बर्गर अति–प्रशोधित खाना हुन् जसमा धेरै बटर, चीज, नून र धेरै प्रकारका रसायनहरू मिसाइन्छ। यी सबै कुराले तौल छिटो बढाउँछ। त्यसैले पिज्जा बर्गरको खपत कम गर्नुपर्छ।

**चिज :** चिज पनि एउटा अल्ट्रा प्रशोधित खाना हो जसमा संतृप्त र ट्रान्स फ्याट हुन्छ। यो हाम्रो लागि धेरै हानिकारक छ। यसले हृदय रोगको जोखिम बढाउँछ, मोटोपना निम्त्याउँछ।

**अत्यधिक नुन :** एक दिनमा ५ ग्राम भन्दा बढी नुन खानुहुँदैन। धेरै नुनको सेवनले रक्तचाप बढ्छ र गम्भीर हृदय रोग निम्त्याउँछ। तसर्थ, नुनको मात्रा धेरै भएको खानेकुरा पटक्कै खानुहुँदैन।

**धेरै चिनी :** धेरै चिनी हाम्रो लागि खतरनाक हुन्छ। अत्यधिक चिनीको प्रयोगले मोटोपना र तनाव बढाउँछ। कलेजो, प्यान्क्रियाज र आन्द्राको समस्या बढाउँछ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# भारत बन्दका कारण सामान्य जनजीवन प्रभावित

नयाँ दिल्ली, ५ भदौ/एएनआई

अनुसूचित जाति र जनजातिका लागि आरक्षणसम्बन्धी सर्वोच्च अदालतको निर्णयको विरोधमा दलित र आदिवासी सङ्गठनहरूले बुधवार आह्वान गरेको भारत बन्दको प्रभाव देशका धेरै राज्यमा परेको छ।


भारत बन्दको अवसरमा फैलिन सक्ने अशान्ति नियन्त्रण गर्न उच्च प्रहरी अधिकारीहरू सुरक्षा बैठक गर्दै। फोटो : TV9 नेटवर्क

अनुसूचित जाति र जनजातिका लागि आरक्षणमा 'क्रिमी लेयर' लागू गर्ने सर्वोच्च अदालतको निर्णयको विरोधमा दलित र आदिवासी सङ्गठनहरूले अगस्त २१ मा भारत बन्दको आह्वान गरेका हुन्।

यो बन्दको असर धेरै राज्यमा देखिन थालेको छ। बिहार र झारखण्डका धेरै सेवा प्रभावित भएका छन्। झारखण्डमा बस सेवा नराम्ररी प्रभावित भएको छ। बसहरू पार्किङस्थलबाट बाहिर निस्कन सकेका छैनन्।

बिहारको जहानाबादमा बन्द समर्थकहरूले सडकमा नाराबाजी गरिरहेका छन्। आरामा बन्द समर्थकले रेलवे लाइनमा बसेर विरोध प्रदर्शन गरिरहेका छन्। राजस्थानका धेरै शहरहरूमा पसलहरू बन्द छन्। बन्दको प्रभाव धेरै राज्यहरूमा देखिएको छ।

प्रदर्शनकारीले दरभङ्गामा बिहार सम्पर्क एक्सप्रेस रोकेका छन्। यद्यपि, उत्तर प्रदेशमा बन्दको खासै प्रभाव परेको छैन। दलित सङ्गठनको आन्दोलनमा कतिपय राजनीतिक दलहरूले पनि समर्थन जनाएका छन्।

बहुजन समाज पार्टी (बसपा) की प्रमुख मायावतीले सर्वोच्च अदालतको फैसलामा संविधान संशोधन गर्न सरकारसँग माग गर्दै शान्तिपूर्णरूपमा हुने भारत बन्दको कार्यक्रममा आफ्नो समर्थन रहेको बताएकी छन्।

मायावतीका भतिजा आकाश आनन्दले भारत बन्दको समयमा बसपा कार्यकर्ताहरूलाई पार्टीको झण्डासहित शान्तिपूर्ण रूपमा भाग लिन आग्रह गरेका छ।

यसैबीच, बिहारमा राष्ट्रिय जनता दल (आरजेडी) ले समर्थन जनाएको छ भने केन्द्रीय मन्त्री जीतनराम माँझीले यसलाई 'विपक्षीको भारत बन्द' भन्नुभएको छ।

बन्दलाई मध्यनजर गर्दै प्रशासनले राजस्थानका धेरै जिल्लामा सुरक्षा व्यवस्था कडा बनाएको छ। प्रदेशका धेरै जिल्लामा शैक्षिक संस्था बन्द गर्न आदेश जारी गरिएको छ।

उत्तर प्रदेशको राजधानी लखनउमा निषेधाज्ञा जारी गरिएको छ र लकडाउनको समयमा कुनै पनि हिंसात्मक गतिविधि नगर्न प्रशासनलाई निर्देशन दिइएको छ।

मध्य प्रदेशको प्रशासनले भारत बन्दको समयमा विशेष सावधानी अपनाउन निर्देशन दिएको छ।

यसअघि सन् २०१८ अप्रिल २ मा दलित सङ्गठनले आह्वान गरेको भारत बन्दका क्रममा धेरै स्थानमा हिंसा भएको थियो भने मध्यप्रदेशमा छ जनाको मृत्यु भएको थियो। उत्तर प्रदेश, बिहार, राजस्थान र मध्य प्रदेशमा भारत बन्दका लागि प्रशासनले बन्दलाई कुनै आक्रामक हस्तक्षेप नगर्ने तर सम्भावित हिंसालाई मध्यनजर गरी सुरक्षा व्यवस्थालाई कडा पारेको छ। रासस


**आहाराको खोजीमा खेतमा आएका बकुल्ला:** सुर्खेतको वीरेन्द्रनगर–३ मसुरी खेतमा आहाराको खोजीमा आएको सेतो बकुल्लाका बथान। तस्बिरः सुरेश आचार्य/रासस

# ज्येष्ठ नागरिकका लागि बुढ्यौली समाज

प्रस, सिराहा, ५ भदौ/

ज्येष्ठ नागरिकको सहयोगार्थ सिराहा जिल्लाको धनगढीमाई नगरपालिका–२ भवानीपुरमा 'बुढयौली समाज जनसहयोग अभियान' सञ्चालन भएको छ।

कामको अनुभव, ज्ञान र सीप हुँदाहुँदै पनि पारिवारिक अलगाव, एक्लो तथा अपमानको सामना गरिरहेका ज्येष्ठ नागरिहरूको सहयोगका लागि अभियान सञ्चालन गरिएको स्थानीय रामजी साहले बताए। सामाजिक क्षेत्रमा लामो काम गरेका साह पछिल्लो केही वर्षदेखि अमेरिका बस्दै आएका छन्।

ज्येष्ठ नागरिकको स्वास्थ्योपचार, पोषणसहित हेरचाहका लागि अभियानले सहयोग गर्ने उद्देश्य लिएको उनले बताए।

"विदेश बसेर गाउँ फर्कंदा आफ्नो समाजमा ज्येष्ठ नागरिकहरूको अवस्था देखेपछि मन काटियो, उहाँहरूको अवस्थालाई थोरै भए पनि सुधार्न आफ्नै गाउँबाट अभियान शुरू गरेको हुँ"–अभियन्ता साहले भने। "काम, अनुभव र विज्ञताका हिसाबले ज्येष्ठ नागरिक अमूल्य निधि हुन्। हामीले ज्येष्ठ नागरिकका लागि काम गर्न सक्यौं भने उहाँहरूको सम्मान हुने, आफ्नो मनले शान्ति पाउने र समाज विकास पनि हुनसक्छ"–उनको कथन थियो।

अभियान अन्तर्गत हालसम्म एक लाख रुपियाँ सङ्कलन भइसकेको छ। अभियान अन्तर्गत धनगढीमाई नपा–२ मा घरदैंलो कार्यक्रम सञ्चालन गरिएको थियो। प्रतिपरिवार मासिक पाँच


घरदैंलो कार्यक्रममा अभियान टोली। तस्वीर सौजन्यः मणिलाल विक

रुपियाँको दरले सङ्कलन गरिएको हो। त्यसैगरी सामाजिक सञ्जालहरू, अनलाइन बैंकिङमार्फत सहयोग सङ्कलन भएको छ। स्थानीय जनप्रतिनिधि र राजनीतिकर्मीहरूले पनि अभियानमा सहयोग गरेका छन्।

बितेको साउन महीनादेखि अभियान सञ्चालन गरिएको हो। उक्त रकम ६० वर्षमाथिका ज्येष्ठ नागरिकलाई अस्पताल लैजानु पर्दा एम्बुलेन्स खर्च र आर्थिक अवस्था अति कमजोर रहेका असक्त असहाय ज्येष्ठ नागरिकका लागि उपचारमा समेत खर्च गरिने अभियानका सहभागि ममता साहले बताइन्।

अभियान सञ्चालन गर्नु अघि अभियन्ता साहले 'ज्येष्ठ नागरिक, तिनका लागि गर्नुपर्ने काम र स्थानीय अगुवाहरूको भूमिका' विषयमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेका थिए। सो अवसरमा ह्वील चेयर वितरण गरिएको थियो।

जनसहयोग अभियान अन्तर्गत पहिलो चरणमा धनगढीमाई नगरपालिका वडा नं. २ का ज्येष्ठ नागरिकहरूको शारीरिक, मानसिक, आर्थिक, पारिवारिक अवस्थबारे लगत सङ्कलन भइरहेको छ। लगत सङ्कलनपछि आवश्यकतानुसार स्वास्थ्य उपचार शिविर सञ्चालन गर्ने बुढेउली समाजको योजना छ।

आफ्नो गाउँ ठाउँबाट अन्यत्र गई व्यवासाय एवं रोजगार गर्दै रहेका महानुभावहरूसँग मासिक न्यूनतम रकम सङ्कलन गर्ने, सम्पूर्ण हिसाब किताब प्रमाण सहित अनलाइनमा सार्वजनिक गर्ने र विशेष सहयोगीहरूको तश्वीर एवं चिनारी समेत प्रकाशन गर्दै जाने अभियन्ता साहले सञ्चारकर्मीलाई जानकारी गराएका छन्।

# भारतीय प्रधानमन्त्री मोदी पोल्यान्ड प्रस्थान

नयाँ दिल्ली, ५ भदौ/एएनआई

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने पोल्यान्ड र युक्रेन भ्रमणका क्रममा बुधवार पोल्यान्डतर्फ प्रस्थान गरेका छन्।

कूटनीतिक सम्बन्धको ७० वर्ष पूरा भएको अवसरमा भ्रमणका लागि नयाँ दिल्लीबाट पोल्यान्ड प्रस्थान गर्नु अघि प्रधानमन्त्री मोदीले आगामी दिनमा दुई देशसँगको सम्बन्ध जीवन्त बनाउन तत्पर रहेको बताएका छन्।

यसै क्रममा उनले पोल्यान्ड मध्य युरोपको प्रमुख आर्थिक साझेदार रहेको जनाउँदै लोकतन्त्र र बहुलवादप्रति आपसी प्रतिबद्धताले सम्बन्धलाई अझ सुदृढ पार्ने उल्लेख गरे।

उनले प्रधानमन्त्री डोनाल्ड टस्क र राष्ट्रपति आन्द्रेज डुडासँग भेटवार्ता गरी साझेदारी अगाडि बढाउन उत्सुक रहेको बताउँदै पोल्यान्डमा भारतीय समुदायसँग पनि साक्षातकार हुने विज्ञप्तिमार्फत उल्लेख गरेका छन्।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको निमन्त्रणामा पोल्यान्ड भ्रमणपछि उनी युक्रेन जाने कार्यक्रम छ। भारतीय प्रधानमन्त्री मोदीको यो पहिलो युक्रेन भ्रमण हुनेछ।

युक्रेनमा जारी द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि द्विपक्षीय सहयोगलाई बलियो बनाउन राष्ट्रपति जेलेन्स्कीसँग पहिलेको सम्झौता अगाडि बढाउने अवसरको प्रतीक्षामा रहेको प्रधानमन्त्री मोदीले बताएका छन्।

प्रधानमन्त्री मोदीले यस भ्रमणबाट दुई देशसँग स्थापित सम्पर्कलाई निरन्तरता दिंदै आगामी दिनमा जीवन्त सम्बन्धको जग निर्माण गर्न मदत पुऱ्याउने बताएका छन्।

प्रधानमन्त्री मोदीलाई वार्सामा औपचारिक स्वागत गरिने छ। पोल्यान्ड भ्रमणपछि, प्रधानमन्त्री मोदी युक्रेनको भ्रमणमा जाने कार्यक्रम तय भएको छ। युक्रेनमा युक्रेनी नेतृत्वसँग जारी युक्रेन द्वन्द्वको शान्तिपूर्ण समाधान उन्मुख वार्ता गर्ने जनाइएको छ।

प्रधानमन्त्री मोदीको पोल्यान्ड र युक्रेन भ्रमणको उद्देश्य त्यहाँका नेतृत्वसँग छलफल, भारतीय समुदाय, व्यापारीसँग अन्तर्क्रिया समावेश भएको विदेश मन्त्रालयका आधिकारिक प्रवक्ता रणधीर जयसवालले सामाजिक सञ्जाल एक्समार्फत जनाएका छन्। रासस

# अखिल क्रान्तिकारी ठाराब एकाइको कमिटी गठन

प्रस, वीरगंज, ५ भदौ/

नेकपा (माओवादी केन्द्र) निकटको विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारी ठाकुरराम एकाइ कमिटीको सातौं सम्मेलनले नयाँ नेतृत्व चयन गरेको छ। बुधवार क्याम्पस परिसरमा सम्पन्न सम्मेलनले पुनः अनिश पटेलको नेतृत्वमा २१ सदस्यीय एकाइ कमिटी सर्वसम्मत चयन गरेको हो।

कमिटीको उपाध्यक्ष गोपाल पासवान, समी अन्सार, महिला उपाध्यक्ष रूना यादव, सचिव चक्रधारी पाण्डे, सहसचिव राज पासवान, साजदा खातुन र महिला सचिव कृतिका यादव चयन भएका छन्।

कोषाध्यक्ष भारती पटेल, सदस्यहरू नितेश पटेल, शुभनारायण मण्डल, चन्दन पटेल, लतिसु रहमान अन्सारी, नीरज सर्राफ, उमाशङ्कर साह, अशोककुमार महतो, शम्भु चौरसिया, मनोजकुमार गुप्ता, आकाश साह, सन्तोषकुमार केशरी र कृष्ण साह रहेका छन्। सम्मेलनको अखिल क्रान्तिकारीका उपमहासचिव प्रभाकर गुप्ताले उद्घाटन गरेका थिए। कार्यक्रममा केन्द्रीय सचिव तथा पर्सा इन्चार्ज शिवम् साह, केन्द्रीय सचिव तथा मधेस प्रदेश प्रमुख सचिव जुबैर आलम, जिल्ला अध्यक्ष कविराज पटेल, वरिष्ठ उपाध्यक्ष सन्दीप विक्रम शाह, मधेस प्रदेश सचिव विवेककुमार साह, रामबाबू मण्डललगायतको सहभागिता थियो।

# इरानमा बस दुर्घटना हुँदा २८ पाकिस्तानीको मृत्यु

तेहरान, ५ भदौ/एएफपी

इराकमा धार्मिक अनुष्ठानका लागि जाँदै गरेको, शिया मुस्लिम धर्मावलम्बी चढेको, बस दुर्घटना हुँदा कम्तीमा २८ जना पाकिस्तानी तीर्थयात्रीको मृत्यु भएको इरानी राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

पैगम्बर मोहम्मदका नाति इमाम हुसेनको शोकको ४० औं दिनको अवसरमा मनाइने महत्त्वपूर्ण धार्मिक अनुष्ठान अर्बेन स्मृति समारोहमा भाग लिन पाकिस्तानी तीर्थयात्री इरान हुँदै इराकतर्फ गएका थिए।

"मङ्गलवार राति ५१ जना पाकिस्तानी तीर्थयात्री चढेको एउटा बस मध्य प्रान्त याज्दको देहशिर–ताफ्ट सुरक्षा जाँच केन्द्र अगाडि पल्टिएपछि आगलागी भएको इरानको एउटा राष्ट्रिय टेलिभिजनले जनाएको छ।

"बुधवार बिहानसम्म २८ जनाको मृत्यु र २३ जना घाइते भएका छन्"–इरानी टेलीभिजनले आफ्नो समाचारमा उल्लेख गरेको छ।

याज्द प्रान्तका सङ्कट व्यवस्थापन प्रमुख अलि मालेक–जादेहले घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको बताउँदै मृतक सङ्ख्यामा थप वृद्धि हुन सक्ने बताएका छन्।

मालेक–जादेहले भने–"मृत्यु हुनेमा ११ महिला र १७ पुरुष छन्। घाइते २३ जनामध्ये छजना अस्पतालबाट डिस्चार्ज भइसकेका छन्। अन्य सातजनाको अवस्था गम्भीर छ भने १० जनाको अवस्था सामान्य छ।"

गत वर्ष इराकको कर्बला शहरमा हुसेन र उनका भाइ अब्बासलाई गाडिएको स्थानमा आयोजित स्मृति–सभामा करीब दुई करोड २० लाख तीर्थयात्रीले सहभागिता जनाएका थिए। रासस

### ठगी मुद्दामा....

वडाध्यक्ष कुर्मीले उनीविरुद्ध रिट गरेका थिए। वडाध्यक्षलाई जग्गा बिक्री नगरी उनको रकम पनि फिर्ता नगरेका अन्सारी भने भारतमा लुकी बसेका थिए। उनको कोरोनाकालमा मृत्यु भएको र अदालतले हालै छोरा डा. अन्सारी, पत्नी परवीनविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो।

### वीरगंज भन्सार......

सङ्कलनको लक्ष्य पाएकोमा ६०.२२ प्रतिशत अर्थात रु एक खर्ब ५७ अर्ब १५ करोड ४९ लाख २२ हजार राजस्व सङ्कलन गरेको थियो। साथै आव २०७८–७९ मा भने लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सफल भएको थियो।

आव २०७८–७९ मा रु दुई खर्ब तीन अर्ब राजस्व सङ्कलनको लक्ष्य रहेकोमा १००.५४ प्रतिशत अर्थात् रु दुई खर्ब चार अर्ब १२ करोड राजस्व सङ्कलन गरेको थियो।

# भारतबाट भित्र्याइएको माछा बरामद गरी नष्ट




प्रस, रौतहट, ५ भदौ/

भारतबाट अवैधरूपमा चोरी पैठारी गरी ल्याइएको २०० किलो माछा प्रहरीले बरामद गरी नष्ट गरेको छ।

जिल्ला प्रहरी कार्यालय, रौतहटले गश्ती गर्ने क्रममा गौर नगरपालिका–६ बैरिया पुलबाट भारतबाट अवैधरूपमा चोरी पैठारी गरी ल्याइएको २०० किलो माछा नियन्त्रणमा लिई खाल्डो खनेर नष्ट गरेको जनाएको छ।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५


email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**उद्योगको सेड खोल्नेबारे (Dismentail) सूचना**

जिल्ला बारा, नितनपुरचोकमा रहेको उद्योगको लगभग ४०,००० स्क्वायर फिट सेड खोल्नु (Dismentail) गर्नुपर्ने भएकोले इच्छुक फर्म/व्यक्तिले आफ्नो कोटेशन दिनुहोला र निम्न व्यक्तिलाई सम्पर्क गर्नुहोला।

**सम्पर्कः राजकुमार यादव, मोनं.: ९८५५०२२२७१**



**जीर्ण अवस्था हरिपुर्वाको रामजानकी मन्दिरः** दिन प्रतिदिन जीर्ण बन्दै सर्लाहीको हरिपुर्वा नगरपालिका-५, हरिपुर्वा बजारमा रहेको ऐतिहासिक रामजानकी मन्दिर । विसं २००४ मा निर्माण भएको यो मन्दिर संरक्षण अभावमा आधा भाग पूर्णरूपमा जीर्ण बनिसकेको र मन्दिरको अगाडिको मुख्य भाग पनि जीर्ण बन्दै गएको छ ।
तस्बिरः सिंगबहादुर थापा/रासस

# पटक-पटक बलात्कार भएको किशोरीको आरोप

प्रस, परवानीपुर, ५ भदौ/

पर्सा, जीराभवानी गाउँपालिका-५ की एकजना १९ वर्षीया किशोरीले आफू पटक-पटक बलात्कारमा परेको बताएकी छन् ।

सोही वडाको २१ वर्षीय युवकले ललाइफकाइ चार वर्षदेखि बलात्कार गरिरहेको उनले आरोप लगाइन् । यसै सन्दर्भमा आज जिल्ला प्रहरी कार्यालय, पर्साको महिला सेलमा किशोरीले ठाडो उजूरी दिएकी छन् । स्थानीय २१ वर्षीय प्रदीप महतो नुनियाले पटक-पटक घरनजीकै एउटा झुपडीमा शारीरिक सम्बन्ध बनाउने गरेको बताउँदै उनले बिहेको लागि समेत लोभ दिएको बताइन् । बिहे गर्न नै गत साउन २७ गते दुवैजना गाउँबाट वीरगंज आएर युवक काम गर्ने नारायणगढस्थित कोठामा लगेको समेत बताइन् ।



तस्वीरः प्रतीक

आफूहरूको सम्बन्ध घरपरिवारले थाहा पाएपछि दुवैलाई छुटाएको र मर्कामा परेपछि न्यायको लागि गुहार गर्न जिल्ला प्रहरी कार्यालयमा उजूरी गर्न आएको उनले बताइन् । प्रहरी प्रशासनले उचित न्याय देओस् उनले माग गरिन् । गत साउन २७ गते वीरगंजको एउटा मन्दिरमा दुवैले विवाह गरेको किशोरीको दाबी छ ।

यस विषयमा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक भारतीले उजूरी सम्बन्धमा छानबीन भइरहेको र केटाकेटीको सम्बन्धबारे कल डिटेलमार्फत अनुसन्धान भइरहेको बताए ।

# सालको चारपाटासहित दुईवटा साइकल बरामद

बलिराम शुक्ला, बिरुवागुठी ५ भदौ/

सबैया साझेदारी वन र विन्ध्यवासिनी कोइलाभार वन क्षेत्रको सीमा अमवाघाट जङ्गलबाट गएराति वन गश्ती टोलीले दुई थान सालको चारपाटासहित दुईवटा साइकल बरामद गरेको छ ।

जङ्गलबाट काँचो सालको रूख कटान गरी चारपाटा बनाई साइकलमा लोड गरी ल्याउँदै गरेको अवस्थामा सबडिभिजन वन कार्यालय बडनिहारका



तस्वीरः प्रतीक

जमदार जीतबहादुर तामाङको कमान्डमा खटेको टोलीले दुई थान सालको चारपाटा (करीब १० क्युफिट)सहित दुईवटा साइकल बरामद गरेको हो ।

तस्करहरू वन गश्ती टोलीलाई देखेपछि काठ र साइकल छाडेर फरार भएका थिए । बरामद काठ र साइकल कारबाईको लागि सबडिभिजन वन कार्यालय बडनिहारमा राखिएको र फरार तस्करहरूको खोजी भइरहेको वन अधिकृत उज्ज्वल यादवले बताए ।

तस्करहरूले राष्ट्रिय वनमा काँचो सालको रूख कटान गरी गोलिया र चारपाटा बनाई साइकल/मोटरसाइकलमा राखेर अवैधरूपमा पर्साको ग्रामीण भेगमा सञ्चालित फर्निचर तथा समिलहरूमा पुऱ्याउँदै आएका छन् ।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## राज्यको......

समतामूलक समाज निर्माण गर्ने भनिएको सन्दर्भमा समावेशी राज्य निर्माण गर्न जरुरी छ । राज्यका हरेक संरचनामा महिला, आदिवासी जनजाति, मधेसी, दलित, पिछडिएको क्षेत्रलगायत सीमान्तकृत समुदायको समान सहभागिता हुन आवश्यक देखिन्छ ।

# खेलकूदको संसार

## साफ च्यापियनसिप फूटबल : भूटानले माल्दिभ्सलाई हरायो

काठमाडौं, ५ भदौ/रासस

राजधानीमा जारी साफ यु-२० च्याम्पियनसिप फूटबल प्रतियोगिता अन्तर्गत आज भएको खेलमा भूटानले माल्दिभ्सलाई पराजित गरेको छ ।



तस्वीरः सौजन्य

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा भूटानले माल्दिभ्सलाई २-१ गोल अन्तरले पराजित गरेको हो । यस जीतसँगै समूह 'बी' मा रहेका भूटान र भारतले समान तीन/तीन अङ्क जोडेका छन् । पराजित माल्दिभ्स भने अङ्कविहीन छ । यस अघि भारतले पहिलो खेलमा भूटानलाई १-० गोल अन्तरले पराजित गरेको थियो । भूटानको जीतमा जिग्नम दोर्जी र नोवाङ चोपेलले समान एक/एक गोल गरे । यता माल्दिभ्सको लागि भने फिरकले एक गोल फर्काए ।

खेलमा पहिलो अग्रता भूटानले लियो । खेलको २२ औं मिनेटमा भूटानका जिग्नमले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाएका थिए । त्यस्तै खेलको ५१औं मिनेटमा भूटान १० खेलाडीमा समेटिएको थियो । गोलकीपर तेन्जिङले डिबक्स बाहिर बल छोएपछि रेफ्रीले रातो कार्ड देखाउँदै मैदान बाहिर पठाएका थिए ।

सोही समयमा प्राप्त फ्रिकिकको सदुपयोग गर्दै माल्दिभ्सले बराबरी गोल फर्कायो । माल्दिभ्सका फिराकले डिबक्स बाहिरबाट प्रहार गरेका बलले जाली चुमेको थियो । त्यसपछि खेलको ८९ औं मिनेटमा भूटानले पुनः अग्रता लियो । भूटानका नोवाङले गोल गर्दै खेललाई २-१ गोलको अग्रतामा ल्याए । त्यसपछि खेलमा अर्को गोल हुन सकेन र अन्ततः भूटानको जीत पक्का भयो । उक्त प्रतियोगिता अन्तर्गत भोलि नेपाल र बङ्गलादेशबीच प्रतिस्पर्धा हुनेछ । उक्त खेल दिउँसो ३ बजेदेखि शुरू हुनेछ ।

## तेक्वान्दो खेल्न भिजन दक्षिण कोरिया प्रस्थान

काठमाडौं, ५ भदौ/रासस

अन्तर्राष्ट्रिय खुला फ्रेन्डसिप तेक्वान्दो च्याम्पियनसिप (आइओएफटिसी) को १४ संस्करणमा सहभागी हुन भिजन तामाङ आज दक्षिण कोरियाको सोल प्रस्थान गरेका छन् ।

यही भदौ ७ गते हुने उक्त प्रतियोगितामा भिजनले दुई स्पर्धामा प्रतिस्पर्धा गर्नेछन् । उनले पुरुष ३८ किलोमुनि र एकल पुम्सेमा सहभागिता जनाउने छन् ।

आइओएफटिसीमा नेपालका अन्तर्राष्ट्रिय तेक्वान्दो निर्णायक अशोक खड्काले निर्णायकको भूमिका निर्वाह गर्नेछन् । अशोक दक्षिण कोरियामा नै छन् । उनले ग्यारोगी र पुम्सेमा निर्णायकको भूमिका निर्वाह गर्नेछन् ।

# म्यानपावरलाई सरकारले संरक्षण गरेको आरोप

प्रस, वीरगंज, ५ भदौ/

आम जनता पार्टीका अध्यक्ष एवं सांसद प्रभु साहले सरकारले वैदेशिक रोजगारका ठगहरूलाई संरक्षण गरेको आरोप लगाएका छन् ।

रौतहटको छतौना र विश्रामपुरमा बुधवार वैदेशिक रोजगारमा ठगी गर्नेलाई सरकारले कारबाई गर्छ कि संरक्षण गर्छ भन्ने विषयमा आयोजित अन्तर्क्रियामा बोल्दै अध्यक्ष साहले वैदेशिक रोजगारका ठगहरूलाई सरकारले कारबाई नगरेर संरक्षण गरेको आरोप लगाए ।

उनले गाउँका गरीब युवाहरू रोजगारको लागि विदेशिने गरेका र त्यस्ता युवाहरूलाई ठग्ने म्यानपावर कम्पनीका ठगहरूलाई सरकारले संरक्षण गर्दै आएको आरोप लगाए ।

उनले वैदेशिक रोजगारको क्रममा युवाहरू ठगिने गरेको कुरा सरकारलाई अवगत नभएको होइन तर त्यसका मतियारहरूलाई सरकारले नै संरक्षण गर्दै आएको हुँदा वैदेशिक रोजगारको नाममा ठगी धन्दा मौलाएको उनले आरोप लगाए ।





तस्वीरः सौजन्य

उनले सरकारले म्यानपावर कम्पनीसँग मिलेर मानव तस्करी गरिरहेको आरोप लगाए । केही मन्त्री र सरकारमा सहभागी दलका नेताहरूले कमिशनको लोभमा यस्ता गैरकानूनी धन्दालाई सघाएको र म्यानपावर कम्पनीहरूले उनीहरूकै आडमा ठगी धन्दा चलाइरहेको आरोप लगाए ।

## बजेटमा....

"बजेटमार्फत घोषणा भएका औद्योगिक पूर्वाधार निर्माण एवं स्तरोन्नति तथा सञ्चालन, कम्पनी प्रशासनमा सुधार, स्टार्टअप उद्यम र साना तथा मझौला उद्यम प्रवर्द्धन, आन्तरिक उत्पादकत्व बढाएर निर्यात प्रवर्द्धन, औद्योगिक वातावरण सुदृढीकरणलगायत विषय बजेटमा परेको भए पनि त्यसको स्पष्ट कार्ययोजना निर्माणमा मन्त्रालय चुकेका छन्"-बजेट वाचमा भनिएको छ-"विषयगत मन्त्रालयले निर्धारण गरेका वार्षिक लक्ष्य तथा 'माइलस्टोन' वार्षिक बजेटमा राखिएको लक्ष्यसँग तादाम्य मिल्न सकेको देखिंदैन, सार्वजनिक खरीद प्रक्रियामा हुने विलम्बलाई पनि बजेटका योजना तथा कार्यक्रम कार्यान्वयन कमजोर देखिनुको कारण मान्न सकिन्छ ।"

## मियाँको..........

सोमवार राति हाजिरी जमानीमा परिवारको जिम्मा लगाएको थियो ।

मियाँको मृत्यु भएपछि दुवैजना फरार भएका थिए । तर प्रहरीले श्रीपुरबाट युवतीलाई सोही दिन पक्राउ गर्न सफल भए पनि युवक भने अहिलेसम्म फरार छन् ।


## डेङ्गीबाट बच्ने उपायहरू ?

- लामखुट्टेको टोकाइबाट डेङ्गी लाग्न सक्दछ,
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्यालढोकामा जाली र सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना-काप्चामा कीटनाशक औषधि छर्कने गरौं ।
- एयर कुलर, पानी टङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |